# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३५ पूर्णाङ्क ४६१ | २०८२ फागुन २५ गते सोमबार | Monday 9 March; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-



## दोलखाको तामाकोशी गाउँपालिका ४ मा मतपेटिका लुटिएपछि चुनाव विथोलियो



काठमाडौं। दोलखाको तामाकोशी गाउँपालिका ४ मा मतपेटिएका लुटिएपछि त्यहाँको निर्वाचन विथोलिन पुगेको छ। मतदानका लागि निर्धारित समय सकिन लाग्दा पनि रोकिएको मतदान अझै सुरु भएको छैन। लुटिएका मतपत्र फेला परेका छैनन्।

दोलखाका सहायक प्रमुख जिल्ला अधिकारी औलाख बहादुर आलेले हराएका मतपत्रहरूको खोजी जारी रहेको बताउँदै भने, '५४(५५ वटा मतपत्र बाँकी ८ पेजमा

# 'क्रान्तिको कार्यभार पूरा गर्न अब सच्चा क्रान्तिकारीहरू एकताबद्ध भएर अगाडि बढ्छौं'




❑ **अनु निरौला/जय दाहाल**

काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव तथा संयुक्त संघर्ष समितिका संयोजक सीपी गजुरेल गौरवले फागुन २१ को संसदीय निर्वाचन बहिस्कारको कार्यक्रम मूलतः सफल भएको बताउनु भयो। उहाँले देशैभर भएका बहिस्कार सम्बन्धी संघर्षका कार्यक्रम, राज्यले चलाएको दमनकारी अभियान, नेता कार्यकर्ताहरूको गिरफ्तारी, न्यायिक र प्रचारको क्षेत्रबाट भएका कामहरूकै प्रभावका कारण निर्वाचनमा ४५ बर्षयताकै सबैभन्दा कम मतदान भएको बताउनु भयो। र, पाँचवटा जिल्लाका ७ वटा मतदान केन्द्रमा स्थानीय जनताले मतदान बहिस्कार गरेको प्रसंगमा पनि उहाँले चर्चा गर्नुभयो।

निर्वाचनपछि नेपालमा साम्राज्यवादी शक्ति हावी हुन पुगेको विश्लेषण गर्दै देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको निम्ति सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरूबिच सदृढ एकता आजको आवश्यकता बनेको पनि स्पष्ट पार्नुभयो।

उहाँले विकसित राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिमा अब सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध भएर अगाडि बढ्नुको विकल्प छैन, भन्नुभयो।

तीनवटा महिला संगठनहरू क्रान्तिकारी महिला संगठन नेपाल, अखिल नेपाल महिला संगठन र वैज्ञानिक समाजवादी महिला संगठनले संयुक्त रूपमा आठ मार्चको सन्दर्भमा आयोजित 'आठ मार्चको महत्व : महिला मुक्तिको प्रश्न' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव गजुरेलले आफूले क्रान्तिको दायित्व नछाडेको बताउनु हुँदै बाँकी ८ पेजमा

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा नेपाल कम्युनिष्ट पार्टीको शुभकामना !

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस संगठितरूपमा बिश्वमा मनाउन आरम्भ गरेको ११६औं बर्ष लागेको आजको यस महत्वपूर्ण ऐतिहासिक अबसरमा नेपाल कम्युनिष्ट पार्टी बिश्वभरीका सम्पूर्ण महिलाहरू र बिशेषगरी श्रमजीवी महिलाहरूकासाथै सम्पूर्ण नेपाली महिला दिदी बहिनीहरूमा बर्गीय शोषण र सामाजिक उत्पीडनको अन्त्य तथा अग्रगामी राजनीतिक, आर्थिक, सामाजिक एबं साँस्कृतिक अधिकार प्राप्ति र तिनको सुनिश्चितताको निम्ति संघर्षशील रहन हार्दिक आह्वान गर्दै तपाई सम्पूर्ण संघर्षशील क्रान्तिकारी महिलाहरूमा न्यानो अभिबादनकासाथ हार्दिक शुभकामना ब्यक्त गर्दछ।

यस अबसरमा बिश्व समाजबादी आन्दोलनका अग्रदूत समाजबादी महिलाहरू खासगरी क्लारा जेटकिन, रोजा लक्जेबर्ग, नाजेझ्दा क्रुप्सकाया, अलेक्जेण्ड्रा कोलोन्ताई र इनेशा आर्मण्ड जस्ता बिश्व प्रसिद्ध अग्रज क्रान्तिकारी महिलाहरूप्रति नेपाल कम्युनिष्ट पार्टी हार्दिक स्मरण र उच्च सम्मान प्रकट गर्न चाहन्छ। यसका साथै नेपालमा अहिलेसम्म भएका बाम-लोकतान्त्रिक आन्दोलनहरूमा शहादत प्राप्त गर्ने सबै सबै महिलाहरू, बर्गीय शोषण र सामाजिक उत्पीडनका बिरुद्ध सचेत संगठित र संघर्षशीलरूपमा डटिरहेका नेपाली महिला दिदी बहिनीहरूमा ८ मार्चको यस ऐतिहासिक अबसरमा बिशेष उच्च सम्मानका साथ नेपाल कम्युनिष्ट पार्टी स्मरण गर्न र हार्दिक सम्मान प्रकट गर्न चाहन्छ।

यस अबसरमा बिश्वमा साम्राज्यबादले थोपरिरहेका सबै खाले अन्यायपूर्ण युद्धको बिरुद्ध खडा हुँदै आएको यो अन्तर्राष्ट्रिय महिला आन्दोलन अझ सशक्तरूपमा एकताबद्ध भएर यस्ता अबाञ्छित युद्ध, आणबिक, परमाणबिक,रासायनिक तथा जैबिक सबै प्रकारका घातक शस्त्रास्त्रको होडबाजी तथा हत्याहिंसा एबं बेरोजगारी, असमानता,अभाव, भ्रष्टाचार, महँगी, अशिक्षा अन्धबिश्वास, कुरीति र असुरक्षा जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझा समस्या बिरुद्ध एकजुट भएर अघि बढ्न नेपाल कम्युनिष्ट पार्टी बिशेष आग्रह गर्दछ।

*अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस - आठ मार्च जिन्दावाद !*
*संसारका सम्पूर्ण श्रमजीवी जनता एकजुट होऔं !*

## पौडेल र पुन रिहा





काठमाडौं। संसदीय निर्बाचन बहिष्कारको क्रममा फागुन १३ गते क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रिय सदस्य तथा प्युठान जिल्ला ईन्चार्ज टिकाराम पौडेल र केन्द्रिय सदस्य तथा प्युठान जिल्ला सचिव वीर बहादुर पुन प्युठान न.पा.को टिकुरीबाट गिरफ्तार पर्नु भएको थियो। १० दिन पछि फागुन २२ गते हिरासत मुक्त हुनु भएको छ। उहाँहरूलाई पार्टी कामको सिलसिलामा अपहरण शैलीमा गिरफ्तार गरिएको थियो।।

## निर्वाचन बहिष्कार कार्यक्रम सफल :

# प्रहरी हिरासतमा रहनुभएका कमरेडहरुको यथाशीघ्र रिहाइको लागि जोडदार माग




काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता सुदर्शनले एक प्रेस वक्तव्य जारी गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा अघि बढाइएको संसदीय निर्वाचन बहिष्कार कार्यक्रम सामान्यतः सफल भएको बताउनु भएको छ।

वक्तव्यमा भनिएको छ, "यो बहिष्कार कार्यक्रममा कठपुतली सरकारको व्यापक दमनका बावजुद बहिष्कारका विभिन्न कार्यक्रमहरू सम्पन्न गर्ने नेता तथा कार्यकर्ता र सहयोग गर्ने जनसमुदायलाई हाम्रो पार्टी हार्दिक अभिवादन तथा धन्यवाद ज्ञापन गर्दछ। यो कार्यक्रमको दौरानमा गिरफ्तार हुनुभएका केन्द्रीय समितिको पोलिटब्यूरो सदस्यहरू सोमानसिंह तामाङ तथा सिताराम बुढाथोकी र केन्द्रीय समिति सदस्यहरू कर्णबहादुर बिसी, टिकाराम पौडेल र डिल्ली बोहोरा, वैकल्पिक केन्द्रीय सदस्यहरू नारायण न्यौपाने, रत्न ओली, बीरबहादुर पुन, रवि पाण्डे लगायत विभिन्न जिल्लाका प्रहरी हिरासतमा रहनुभएका सम्पूर्ण कमरेडहरूको यथाशीघ्र रिहाइको लागि जोडदार माग गर्दछौं।"

## निर्वाचनप्रति जनतामा उत्साह देखिएन



काठमाडौं। निर्वाचन आयोगका अनुसार ९० लाख ५० हजार मतदान भएको छ। दिउँसो साढे ४ बजेसम्ममा ९० लाख ५० हजार मत खसेको हो। देशभर एक करोड ८९ लाख ३ हजार ६८९ मतदाता छन्। तर आयोगले तोकेको समय सकिनु आधा घण्टा अघिसम्म पनि ५० प्रतिशत मत पुगेको छैन। साँझ ५ बजेसम्ममा मतदान स्थलमा प्रवेश गरिसक्नेले मतदान गर्न पाउने भएपनि मतदान स्थलमा मतदाता नरहेको पाइएकोले ५० प्रतिशत पनि मत नखसेको निर्वाचन पर्यवेक्षकहरूले टिप्पणी गरेका छन्।

## पाँच दिनको हिरासत पछि क्राकपा नेता रवि पाण्डेय रिहा !



नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका बैकल्पिक केन्द्रीय सदस्य तथा नवलपरासी जिल्ला सेक्रेटरी रवि पाण्डेय पाँच दिनको हिरासत पछि रिहा भएका छन्। संयुक्त संघर्ष समिति नवलपरासीको संयोजक समेत रहेका उनलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरी निरीक्षक हिरा बहादुर थापाको नेतृत्वमा ईलाका प्रहरी कार्यालय बर्दघाट सहितको टोलीले पसलबाट अपहरणको शैलीमा गिरफ्तार गरिएको थियो। फागुन १८ गते साँझ ६:३० बजे बर्दघाट न.पा. वडा नम्बर ४, शान्तिनगर स्थित आफ्नै पसलबाट तरकारी बेचिरहेका उनलाई उनका छोराछोरी, पसलमा आएका दर्जन बढी ग्राहक र स्थानीय बासिन्दाको भिडबाट बाँकी ८ पृष्ठमा

## नेपालमा निर्वाचन र निर्वाचन बहिष्कारको इतिहास



● रामबहादुर बुढा ●

***विषयको उघार :***

निर्वाचन कुनै पनि समूह, संस्था, संगठन, पार्टी, देश वा देशका विभिन्न तह/निकायको पदमा जाने व्यक्तिलाई छनौट गर्ने प्रक्रिया हो। मानव जातिले प्राचीनकालदेखि नै नेतृत्व छनौटका विभिन्न विधि र प्रक्रियाको विकास गर्दै आएको छ। राजनीति विज्ञानमा सबैभन्दा पहिले ग्रीसका नगर राज्यहरूका नेतृत्व छान्ने प्रक्रियाको थालनी गरिएको थियो भनिन्छ। तर पूर्वीय समाजको अध्ययन गर्ने हो भने पनि आफ्नो समूह, बासस्थान, क्षेत्रमा नेतृत्व छनौटको प्रक्रियाको विकास प्राचीनकालदेखि नै भएको थियो भन्ने एथेष्ट तथ्यहरू पाउन सकिन्छ। आजको आधुनिक युगमा निर्वाचनका अनेकौ प्रक्रिया र विधिहरूको विकास गरिएको छ।

नेपालमा २००४ मा पहिलो पटक काठमाडौं नगरको निर्वाचन भएको थियो। २००७ सालमा राणाशासनको अन्त्य भएपछि अन्तरिम शासन विधान-२००७ घोषणा भयो र त्यसपछि २०१० र २०१४ मा काठमाडौं, ललितपुर, भक्तपुर लगायतका नगर निर्वाचन भएको थियो। २००७ को अन्तरिम शासन विधानमा २ वर्ष भित्रमा विधानसभाको चुनाव गर्ने भनिए पनि विधानसभाको चुनाव हुन सकेन बरु आयोगले सिफारिस गरेको सुझाव अनुसार २०१५ मा संविधान बनाइयो। सोही संविधानको आधारमा पहिलो पटक वालिग मताधिकारका आधारमा २०१५ सालमै संसदीय चुनाव भयो। २०१५ सालसम्म निर्वाचन बहिष्कारको ठोस ऐतिहासिक तथ्य फेला पार्न सकिएको छैन। तर पंचायतकालका चुनावहरूलाई विभिन्न प्रतिबन्धित राजनीतिक दलहरूले बहिष्कार गर्दै आएका थिए। कम्युनिस्ट पार्टीहरूले निर्वाचन उपयोग गर्दा आफ्ना एजेण्डाहरूलाई स्थापित गर्न प्रयत्न गरे जस्तै निर्वाचन बिहष्कार गर्दाखेरि पनि आफ्ना एजेण्डाहरूलाई स्थापित गर्न जनतामा गएका हुन्छन्। २००४ को नगर निर्वाचन दलविहीन रूपमा व्यक्तिगत रूपमा उम्मेदवारी थियो। २०१० को नगर निर्वाचनमा नेकपा प्रतिबन्धित भएकोले नेकपा उम्मेदवारहरू स्वतन्त्र उम्मेदवारका रूपमा उठेका थिए। स्वतन्त्र रूपमै उम्मेदवार बनेका नेकपाले समर्थन गरेकै व्यक्ति जनकमान श्रेष्ठ काठमाडौं नगरका सभापति बनेका थिए। पंचायतकालमा अहिले संसद भने जस्तो त्यतिबेलाको व्यवस्थापिका राष्ट्रिय पंचायत थियो। राष्ट्रिय पंचायतको गठन पंचायतका विभिन्न जनवर्गीय संगठनहरू किसान, मजदुर, वाणिज्य, युवा, महिला संगठनबाट गएका प्रतिनिधिहरू र राजाले मनोनित गरको व्यक्तिहरूको प्रतिनिधित्वबाट हुन्थ्यो। तर २०३६ को जनमत संग्रहमा "सुधारिएको पंचायत" जो विजय भएपछि २०३८ र २०४३ को राष्ट्रिय पंचायतका बाँकी ७ पृष्ठमा

## सम्पादकीय

### क्रान्तिकारी कम्युनिस्टहरुका लागि चुनौतीसँगै अवसर

फागुन २१ को निर्वाचनले नेपालका 'नक्कली कम्युनिस्ट' (संसदवादी कम्युनिस्ट)हरूलाई पत्तासाफ गरिदिएको छ। कम्युनिस्टको ब्यानर र झण्डा बोकेर कम्युनिस्टलाई नै बद्नाम गराइरहेका उनीहरूमा अहिले रुवाबासी चलिरहेको छ। साम्राज्यवाद र विस्तारवादको दलाली गरेर सत्तामा पुग्ने र सत्तामा टिकिरहने अनि राज्यको स्रोतसाधनमाथि ब्रम्हलुट मच्चाइरहेका संसदवादी कम्युनिस्टहरूकै अर्को सहयात्री कांग्रेसलाई पनि साम्राज्यवादीहरूले नै रछ्यानमा मिल्काइदिएका छन् । पुराना दलालहरूबाट जे जति स्वार्थसिद्ध हुन सक्थ्यो र लियो, अब उनीहरूको सान्दर्भिकता सकिएपछि आफैले संरक्षण गरेका, हुर्काएका व्यक्ति र पार्टीहरूलाई उनीहरूले नै सडकमा पछारिदिएका छन् । र, नयाँ दलाल शक्तिको रूपमा नवउदारवादको खाँटी दलाललाई अझ शक्तिशाली बनाएर स्थापित गरिदिएको छ । ऊ मार्फत् आफ्ना स्वार्थ पूरा गर्ने नयाँ वैधानिक आधार निर्माण गरेको छ । र, अहिलेको साम्राज्यवादी शक्तिको नाइके अमेरिकाको नेपालस्थित दूताबासले नयाँ दलाल शक्तिको चुनावी जितलाई बधाई दिंदै पहिलो पटक 'सुरक्षा सहकार्य गर्न आतुर रहेको' बताइसकेको छ । यसको स्पष्ट संकेत हुन्छ- अब सैन्य सम्झौता गर्ने अर्थात् अमेरिकी सुरक्षा छाताभित्र नेपाललाई लैजाने । नेपाल अब अमेरिकी साम्राज्यवादको वैधानिक रूपमा गुलाम बन्दैछ। देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि यो सबैभन्दा ठूलो चुनौती हो । यसको सामना यो देशका सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरूको सदृढ र रणनीतिक एकतासहितको प्रतिरोध संघर्षविना सम्भव छैन। पुराना संसदवादी पार्टीभित्र रहेका सबै देशभक्त, क्रान्तिकारी शक्ति र व्यक्तिहरू एकताबद्ध भएर अगाडि बढ्नुको विकल्प छैन ।

अर्को कुरा, रास्वपा नामको पार्टीले नेपाली जनताको गरिबी र बेरोजगारी हालत, पुराना संसदवादी दलहरूको भ्रष्ट चरित्र, वैदेशिक रोजगारमा गएका मजदुरहरूको पीडा र आँसु बेचेर, आर्मी, अल्गोरिद्म र अमेरिकाको ग्राण्ड डिजाइनमा जसरी दुई तिहाइ सिट जितेर एउटा प्रायोजित सरकार (कठ्पुलती) सरकार निर्माण गर्दैछ, त्यसले नेपाली जनताका तमाम जनअधिकार र जनजीविकाका समस्याहरूको सही र दीर्घकालीन समाधान दिन सक्दैन। उनीहरूले नै जनतामा जगाइदिएको जनताको अपेक्षा यति धेरै छ कि त्यो पुरा गर्न सक्ने उनीहरूसँग कुनै स्रोत साधन छैन। अल्गोरिदमले मानिसलाई यतिधेरै अधैर्य बनाइदिएको छ कि रास्वपालाई भोट हाल्ने भिडले डेलिभरि, भ्रष्टाचाररहित सुशासन, पारदर्शीता, जवाफदेहिताको माग गर्न थालिसक्यो। जनपेक्षा पूरा नभएपछि देशमा अझ ठूलो र भयानक विद्रोह सन्निकट छ। त्यो आँधि हुरीमा सतिसाल झै खडा रहेर परिस्थितिको सही नेतृत्व गर्न सक्ने गरी आत्मगत अवस्थालाई सुदृढ पुुर्नपर्ने चुनौती कम्युनिस्ट क्रान्तिकारीहरूको सामुन्नेमा देखापरेको छ। क्रान्तिकारी कम्युनिस्टहरूले भनेजस्तो साँच्चैको जनविद्रोह हुने सम्भावना अब दिनदिनै प्रवल हुँदै जानेछ। साम्राज्यवादीहरूले त्यसलाई ड्यामेज कन्ट्रोल गर्न, परिस्थितिलाई आफ्नो हातबाट कम्युनिस्टहरूको हातमा जान नदिन यही सत्ता र व्यवस्थाका विरुद्ध अर्को प्रतिविद्रोही स्वरूपमा अर्को शक्ति पनि खडा गर्न सक्छ। विभिन्न भाष्यहरू निर्माण गरेर जनताको चेनतालाई फेरि हाइज्याक गर्ने र आफ्नो स्वार्थ अनुसार त्यसको दुरूपयोग गर्ने भरभरका प्रयत्न पनि हुन सक्छन् । ती सबै भ्रमहरूलाई चिरेर अगाडि बढ्न र आम श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायलाई साम्राज्यवादी भ्रमजालबाट मुक्त गरेर वास्तविक धरातलमा उतार्न र सही दिशाबोध गर्न र गराउन अहिलेदेखि नै रणनीतिक तयारीमा जुट्नु पर्दछ। क्रान्तिको कार्यभार पूरा गरेर नेपालमा वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्नका निम्ति यो एउटा सुनौलो अवसर हो। श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको लागि 'ब्यालेट' बुलेटभन्दा कतिगुणा खतरनाक र आत्मघाती हुन्छ भन्ने कुरा पटक पटक साबित भइसकेको तथ्य हो। अहिले रास्वपाले पाएको भोट संसदीय व्यवस्थाप्रतिको नेपाली जनताको अन्तिम विश्वास हो, यसबाट जनताको जीवनमा कुनै फेर बदल नआएपछि जनता यो व्यवस्थाको विकल्पमा बन्दुक बोक्न पनि तयार हुन्छन् । किनकि नेपाली जनता परिवर्तन चाहन्छन् । त्यो पनि शीघ्र । पछिल्लो विकसित परिस्थितिको सूक्ष्म र ठोस विश्लेषण गर्दै बेलैमा क्रान्तिकारी अवसरको पहिचान गरी अहिलेदेखि नै तयारी गरेर अगाडि बढ्न जरुरी छ। यतातर्फ सबै सच्चा देशभक्त र क्रान्तिकारी कम्युनिस्टहरूको ध्यान केन्द्रित हुनु अहिलेको ज्वलन्त आवश्यकता हो ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# नेपालमा नयाँ सरकार र अमेरिकासँगको सुरक्षा सहकार्य

**नेपालको संघीय शासन र एमसीसी परियोजनाको विषयले संसद्, सडक आन्दोलन र सार्वजनिक बहसमा ठूलो प्रभाव पारेको छ । नेपालको परराष्ट्र नीति औपचारिकरूपमा परम्परागतरूपमा सन्तुलन र असंलग्नतामा आधारित रहेको बताउने गरिन्छ । तर ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले स्वतन्त्र परराष्ट्र नीतिको आबरणमा नेपाललाई अमेरिकी सैन्य गठबन्धन 'नेटो' निकट पुऱ्याएको देखिएको छ । रुस युक्रेन युद्धमा युक्रेनको समर्थन र इजरायल हमास युद्धमा इजरायलको पक्षमा उभ्याएर नेपालको अमेरिका परस्थता स्पष्ट गर्ने/गराउने काम भएका थिए । अब नेपाल एसपीपीमार्फत खुलेरै अमेरिकाको खेमामा जाने संभावनाहरू देखिएका छन् । त्यसो भयो भने नेपाल दोश्रो युक्रेन बन्नसक्ने संभावना रहन्छ ।**



● डा. केशव देवकोटा ●

नेपालमा एकातिर कतिपयले प्रतिनिधिसभाको निर्वाचन गराएर नयाँ संसद र सरकार गठन गराउने प्रयास गरिरहेका छन्भने अर्कातिर बिद्यमान राजनीतिक ब्यवस्था र भूराजनीतिका कारण सडक आन्दोलनका संभावनाहरू देखिएका छन् । नेपालमा नयाँ दलाइ लामा स्थापित गराउने र छिमेकी चीनका लागि सुरक्षा चुनौती बढाउने संभावना देखिएको छ । यसैबीचमा अमेरिकाले नेपालमा अब बन्ने सरकारसँग सुरक्षा सहकार्यगर्ने प्रस्ताव अगाडि सारेको र चीनले नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षागर्ने कुरा उठाएका कारण भिषण युद्धका खतराहरू पनि देखिएका छन् । नेपालमा गतसाता निर्वाचन भएर प्रारम्भिक नतिजासमेत नआउँदै यहाँको आन्तरिक राजनीतिमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका भारत, अमेरिका र चीनले आआफ्नो प्रतिक्रिया सार्बजनिक गरेका थिए। सबैभन्दा पहिले प्रतिक्रिया सार्बजनिकगर्ने भारत रह्योभने दोश्रोमा अमेरिका र तेश्रोमा चीन रहेका छन् । जसमा अमेरिकाले सुरक्षा सहकार्यगर्ने भनेको छ । तर कस्तो सुरक्षा सहकार्य हो ? भन्ने स्पष्ट हुनसकेको छैन। प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएपछि नेपालस्थित अमेरिकी दूतावासले गतसातानै सामाजिक सञ्जाल एक्समार्फ निर्वाचन यहाँको सरकारलाई बधाईदिँदै आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्यगर्न अमेरिका उत्सुक रहेको भनेको थियो। त्यसैगरी भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले पनि सामाजिक सञ्जालमा एक्समा गतबर्षको असामान्य अवस्थाको पृष्ठभूमिमा आयोजित चुनाव सफलतापूर्वक सम्पन्न गरेकामा नेपाल सरकार र नेपाली जनताकासाथै सरोकारवालालाई बधाई दिन्छौं भन्नुभएको थियो । उहाँको भनाईमा नेपालमा लोकतान्त्रिक जनादेशको प्रयोग भएको र भारत नेपालको नयाँ सरकारसँग मिलेर कामगर्न तत्पर रहेकोभन्ने थियो। फेरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि अलग्गै प्रतिक्रिया सार्बजनिक गरेर नेपालमा परिवर्तन भएको देखेर आफू खुसीभएको भनाई सार्बजनिक गर्नुभएको थियो ।

सामाजिक सञ्जालमा लेख्दै उहाँले नेपालले लोकतान्त्रिक अधिकारलाई उत्साहसाथ प्रयोग गरेको टिप्पणी गर्नुभएको थियो। उहाँले नजिकको मित्र र छिमेकीकारूपमा, भारत नेपालका जनता र नयाँ सरकारसँग मिलेर साझा शान्ति, प्रगति र समृद्धिका नयाँ उचाइहरू हाशिलगर्न नजिकबाट सहकार्यगर्न प्रतिबद्ध रहने बताउनुभएको छ। त्यसैगरी चीनको विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले बेइजिङमा गतसाता आयोजित एक नियमित पत्रकार सम्मेलनमा तोकिएको समयभित्रै निर्वाचन सम्पन्न भएकोमा आफूहरूले नेपाललाई बधाई दिएको बताउनु भएको थियो। प्रवक्ता माओले चीनले दुई मुलुकबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई सँधै महत्व दिने उल्लेखगर्दै दुबै देशले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षागर्ने प्रयासमा एकअर्कालाई सहयोगगर्दै आएको स्मरण गर्नुभएको थियो। आगामी दिनमा चीन नेपालसँग सहकार्यगर्दै विकास र समृद्धिका लागि दीर्घकालीन मैत्रीमा आधारित रणनीतिक सहकार्यलाई अघिबढाउन तयार रहेको पनि बताउनु भएको थियो। यसरी नेपालको आन्तरिक राजनीतिमा चासो राख्दैआएका तीनवटा मुलुकका तीनथरी प्रतिक्रियाहरू आएका छन् ।

जसमा छिमेकी चीन र अमेरिकाका प्रतिक्रियाहरू अर्थपूर्ण रहेको देखिएको छ। नेपाल र अमेरिकाबीच हुने सुरक्षा सहकार्यको चर्चा पछिल्ला वर्षहरूमा बढ्दै गएको विषय हो। उक्त सहकार्यमा सैनिक तालिम, उपकरण सहयोग, संयुक्त अभ्यास, आतंकवाद नियन्त्रण, सीमा सुरक्षा, साइबर सुरक्षा, र शान्ति स्थापनाजस्ता क्षेत्रहरू समावेश हुने देखिएको छ। त्यसलाई एकीकृतरूपमा एसपीपीकारूपमा अगाडि सारिएको छ। अमेरिकाको नेपालसँग सुरक्षा सहकार्यका लागि दुईवटा परियोजना (संघीय शासन र एमसीसी) यसअघिनै सञ्चालनमा रहेका छन्। संघीयताका कारण नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अस्तब्यस्त बनाउने काम भएको छभने एमसीसीका कारण नेपालको शासन ब्यवस्थामा अमेरिका हाबि बन्दैगएको देखिएको छ। नेपालको संविधान र परराष्ट्र नीतिले स्वतन्त्र र असंलग्न नीति अपनाउने कुरा उल्लेख गर्छ। तर अमेरिकासँगको सुरक्षा सहकार्यले नेपाललाई कुनै शक्ति ब्लकको नजिक पुऱ्याउने प्रयास गरिरहेको देखिएको छ। नेपाल इन्डो प्यासिफिक स्टार्टेजीसँग जोडिने सम्भावना बढेको छ। यस्तो सहकार्यले नेपाललाई ठूला शक्तिहरूको रणनीतिक प्रतिस्पर्धामा तान्न सक्छ। यसले नेपालको सार्वभौमिक निर्णय क्षमता कमजोर हुनसक्छ।

नेपालको सार्वभौमिकतामाथि अमेरिकी प्रभावको चिन्ताबारे पछिल्ला बर्षहरूमा बहस तीव्रभएको छ। खासगरी एमसीसी र इन्डो प्यासिफिक स्टार्टेजीजस्ता कार्यक्रमहरूका कारण सो विषय धेरै चर्चामा आएको हो। एमसीसी अमेरिकाको सैन्य रणनीतिमा आधारित सरकारी सहायता संस्था हो। नेपाल र अमेरिकाबीचको एमसीसी सम्झौताले नेपालको कानूनभन्दा माथि एमसीसीका प्रावधान लागू हुनसक्छभन्ने आशंका बढाएको छ। सो कार्यक्रमलाई अमेरिकाको इन्डो प्यासिफिक स्टार्टेजीसँग जोडेर हेरिएको छ। जसले नेपाललाई भूराजनीतिक प्रतिस्पर्धामा तान्ने प्रयास गरेको देखिन्छ। नेपालको ऊर्जा तथा पूर्वाधारमा बाह्य प्रभाव बढ्ने डर पनि त्यतिकै छ। त्यसैगरी पछिल्ला बर्षहरूमा नेपालमा भूराजनीतिक दबाव पनि बढेर गएको देखिएको छ। नेपाल दुई ठूला शक्तिहरू अमेरिका र चीनबीचको प्रतिस्पर्धाको प्रभावमा पर्ने सम्भावना बढ्दो छ। नेपाल कुनै सैनिक वा रणनीतिक गठबन्धनमा तानिन सक्छभन्ने डर पनि बढिरहेको छ। विकास सहयोगको नाममा रणनीतिक प्रभाव बढाउने प्रयास पनि भैरहेका छन्। नेपालको परराष्ट्र नीतिमा स्वतन्त्र निर्णयगर्ने क्षमता कमजोर बन्दैगएको देखिएको छ।

खासगरी नेपालको संघीय शासन र एमसीसी परियोजनाको विषयले संसद्, सडक आन्दोलन र सार्वजनिक बहसमा ठूलो प्रभाव पारेको छ। नेपालको परराष्ट्र नीति औपचारिकरूपमा परम्परागतरूपमा सन्तुलन र असंलग्नतामा आधारित रहेको बताउने गरिन्छ। तर ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले स्वतन्त्र परराष्ट्र नीतिको आबरणमा नेपाललाई अमेरिकी सैन्य गठबन्धन 'नेटो' निकट पुऱ्याएको देखिएको छ। रुस युक्रेन युद्धमा युक्रेनको समर्थन र इजरायल हमास युद्धमा इजरायलको पक्षमा उभ्याएर नेपालको अमेरिका परस्थता स्पष्ट गर्ने/गराउने काम भएका थिए। अब नेपाल एसपीपीमार्फत खुलेरै अमेरिकाको खेमामा जाने संभावनाहरू देखिएका छन् । त्यसो भयोभने नेपाल दोश्रो युक्रेन बन्नसक्ने संभावना रहन्छ। गत भदौमा जेजस्ता घटनाहरू भएका थिए, त्यसले नेपालको भाबि अवस्था दुखद हुनसक्ने संकेतहरू गरेका छन् । गत भदौ २३ र २४ को बिध्वंश र त्यसैलाई आधार बनाएर गराइएको गत २१ गतेको निर्वाचनले जेजस्तो परिणाम दियो, त्यसले नेपालको सार्बभौमितामाथि गंभिर खतरा सिर्जना गराएको छ। नेपालले यसअघि बिश्वका सबै देशसँग मित्रता राख्ने, कुनै सैनिक गठबन्धनमा नजाने र राष्ट्रिय हित र सार्वभौमिकता जोगाउने नीति अपनाउँदै आएको थियो। नेपालमा अमेरिकी प्रभावको चिन्ता मुख्यतः रणनीतिक प्रतिस्पर्धा, र राजनीतिक दृष्टिकोणसँग जोडिएको देखिन्छ। त्यसैगरी पछिल्ला कतिपय घटनाक्रमहरूले नेपालको भूराजनीतिक सन्तुलन बिग्रने सम्भावना देखाएका छन्। नेपाल दुई ठूला शक्तिहरू चीन र भारतबीच अवस्थित छ।

यदि नेपालले अमेरिकासँग सुरक्षा सहकार्य धेरै बढायोभने चीनसँगको सम्बन्धमा दरार उत्पन्न हुनसक्छ। क्षेत्रीय शक्ति प्रतिस्पर्धामा नेपाल रणनीतिक मैदान बन्नसक्ने डर पनि बढेर गएको छ। जसलाई भूराजनीतिक सन्तुलन बिग्रन सक्ने खतराकारूपमा हेरिन्छ। नेपालको भूराजनीतिक सन्तुलन भन्नाले विशेषगरी दुई ठूला छिमेकी चीन र भारतबीच सन्तुलित सम्बन्ध राख्दै आफ्नो राष्ट्रिय हित सुरक्षितगर्नु हो। ठूला शक्तिहरूको प्रतिस्पर्धा हाल एशियामा चीन, भारत र अमेरिकाकाबीचमा रणनीतिकरूपले बढ्दै गएको छ। नेपालमा विकास रणनीतिमा आधारित चीनको बिआरआई र सैन्य रणनीतिमा आधारित अमेरिकाको एमसीसीका बीचमा सिधा टकराव भैरहेको छ। जसमा भारतको भूमिका ढुलमुले रहेको छ। त्यस्ता परियोजनामा नेपाल सहभागीहुँदा कहिलेकाहीँ नेपाल कुनै एक शक्तितर्फ झुकेकोजस्तो देखिन सक्छ। जसले सन्तुलन बिगार्ने जोखिम बढाउँछ। त्यसैगरी भारत र चीनकाबीचमा पनि कतिपय तनाव र प्रतिस्पर्धाहरू रहेका छन् । सीमाका कारण सन् २०२० पछि भारत र चीनबीच अविश्वास बढेको छ। नेपालमा अमेरिकाको प्रबेशले उनीहरूलाई मिल्न बाध्यगराएको देखिन्छ। तर नेपालका लागिभने चीन र भारत मिल्दा पनि खतरा हुने र उनीहरूबीच झगडाहुँदा पनि खतरा हुने अवस्था छ। जसलेगर्दा यहाँको आन्तरिक राजनीतिमा अमेरिकाले प्रबेश पाएको हो। नेपालमा अमेरिकालाई प्रबेश गराउने भारत हो। पछिल्ला बर्षहरूमा पूर्वाधार र लगानीको प्रतिस्पर्धाले पनि नेपालको भूराजनीतिक सन्तुलनलाई प्रभावितगर्न सक्ने संभावनाहरू बढेका छन्। नेपालको भारतसँग सीमा विवाद रहँदै आएको छ।

त्यसबाट जनताको ध्यान अन्यत्र मोढ्न नेपालमा रहेका अमेरिकी पक्षधरहरूले चीनसँग सीमा बिवाद रहेको देखाउने प्रयास गरिरहेका छन्। जसलेगर्दा चीनले नेपालतर्फको सीमाको नयाँ नापनक्सा तयारगर्ने प्रयास गरेको देखिएको छ। यसअघि सहमतिमा टुंगोलागेको नेपाल र चीनबीचको सीमा बिवाद अब नापनक्साबाट बल्झिने संभावनाहरू देखापरेका छन्। नेपालमा विदेश प्रभावित पार्टी र शक्तिहरूको बाहुल्यता रहेका कारण आन्तरिक राजनीतिमा अस्थिरता बढेको छ। जसका कारण छिटो, छिटो सरकार परिवर्तन हुने, नीति निरन्तरता कमजोर हुनेजस्ता घटनाहरू देखिएका छन्भने त्यसले विदेश नीतिमा स्थिर रहन पनि समस्याको सिर्जना गरेको छ। यस्तो अवस्थामा अमेरिकासँगको सुरक्षा सहकार्यले नेपाललाई गंभिर संकटतर्फ धकेल्ने देखिएको छ। जसले नेपाललाई विकास केन्द्रित राज्यबाट सुरक्षा केन्द्रित राज्यतर्फ रूपान्तरणगर्ने संभावना रहन्छ। त्यसैले देशभक्त शक्तिहरूले सर्बदलीय र सर्बपक्षीय भेलामार्फत नेपालका लागि नयाँ जनसंविधान र जनपक्षीय राजनीतिक ब्यवस्था तथा आत्मनिर्भर अर्थतन्त्रको ब्यवस्था गर्नु/गराउनु सख्त आवश्यकता रहेको छ। गत २१ गतेको निर्वाचनले केही पक्षको समस्या समाधान गरे पनि आम नेपालीको समस्या बल्झाउने काम गरेको छ। यो आजको प्रमुख बिचारणिय पक्ष हो ।

# दोलखाका मतदाताले गरे निर्वाचन बहिस्कार

काठमाडौं। दोलखाको गौरीशंकर गाउँपालिका-९ वेदिङका कोही पनि मतदाता हालसम्म मतदान प्रक्रियामा सहभागी भएका छैनन् ।

वेदिङ आधारभूत विद्यालय रोल्वालिङ मतदान केन्द्रमा मतदान अधिकृतसहितका कर्मचारी हालसम्म मतदाता कुरेर बसेका छन्। तर, हालसम्म एक जना पनि मतदाता मत हाल्न नआएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिए ।

सो केन्द्रमा ११३ जना मतदाता छन् । 'मतदान अधिकृत सहित ५ जना कर्मचारी र १३ जनाको सुरक्षाकर्मी खटिएर मतदानको लागि तयारी अवस्थामा छन्,' उनले भने, 'मतदानको लागि अनुरोध गर्दा पनि हाम्रो स्वेच्छा हो भन्दै मत हाल्न कोही पनि आउनुभएको छैन ।'

प्रमुख जिल्ला अधिकारी घिमिरेले मतदानको समय सीमासम्म मतदानमा खटिएका कर्मचारी मतदातालाई कुरेरै बस्ने जानकारी दिए ।



# क्रान्तिकारीहरू संगठित हुनुको विकल्प छैन



## ❑ हेमन्तप्रकाश ओली 'सुदर्शन' प्रवक्ता- क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

***गत फागुन ४ गते सम्पन्न क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समितिको बैठकले यहाँलाई पार्टीको प्रवक्ता चयन गरेको जानकारी भयो । सर्वप्रथम त पार्टीको प्रवक्ता चयन हुनुभएकोमा यहाँलाई हाँक परिवारको तर्फबाट हार्दिक बधाई छ ।***

धन्यवाद ! क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले मलाई प्रवक्ताको जिम्मेवारी दिएको छ । यो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता हाँक साप्ताहिक मार्फत आदरणीय जनसमुदाय र पार्टी पंक्ति समक्ष राख्न चाहन्छु ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका पार्टीहरूले फागुन २१ गते गर्ने भनिएको संसदीय निर्वाचनलाई रोक्नुपर्छ र सर्वपक्षीय सम्मेलन गरेर देशको संकटको निकास खोजिनु पर्छ भन्ने मत राखेका थिए । तर फागुन २१ गते जसरी पनि निर्वाचन गर्ने गरी सरकार अगाडि बढ्यो नि !***

२०८२ फागुन २१ गते गर्ने भनिएको संसदीय निर्वाचनलाई हाम्रो पार्टी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालबीच बनेको केन्द्रीय संयुक्त संघर्ष समितिले बहिस्कार गर्ने निर्णय गरेको कुरा सत्य हो । सक्रिय बहिस्कार भनेको चुनावमा भाग नलिने र यो संसदीय व्यवस्थाको भण्डाफोर र यसको विकल्प प्रस्तुत गर्ने हो । संसदीय व्यवस्थाको बहिस्कार र उपयोग कुनै सिद्धान्तको विषय होइन, बरु कुन परिस्थितिमा के गर्दा शोषित-उत्पीडित र श्रमजीवी सर्वहारावर्गको उद्देश्य प्राप्तिका लागि फाइदा हुन्छ भन्ने कुरा मुख्य हो । त्यही परिस्थितिलाई ख्याल गरेर यो चार दलीय केन्द्रीय संयुक्त संघर्ष समितिले बहिस्कार गर्ने निर्णय गरेको हो ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको एकता राष्ट्रिय महाधिवेशनपछि मंसीर १६ र १७ गते सम्पन्न केन्द्रीय समितिको चौथो पूर्ण बैठकले संसदीय निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ । त्यस्तो परिस्थतिको विश्लेषण गर्दै चार विशेषताहरूको संश्लेषण गरेको छ ।

प्रथमतः नेपालमा संसदीय व्यवस्था जनतासामू नाङ्गिएको छ । यो साम्राज्यवादको दलाल, भ्रष्टाचारको पर्याय, कुशासनको नमूना सावित भएको छ । अब यस संसदमा गएर भण्डाफोर गर्नुपर्ने आवश्यकता देखिदैन । त्यसकारण यस व्यवस्थाको चुनावमा भाग लिनु या उपयोग गर्नु भनेको यसको आयु लम्ब्याउनु हो ।

दोश्रो, यो २०१५ को पहिलो संसद, २०३७ को जनमत संग्रह, २०४८ को ३० वर्षपछि पुनस्थापित संसदीय व्यवस्था, २०६४ को संविधानसभा वा २०७० को दोश्रो संविधानसभा जस्तो चुनाव होइन । यो त नेपालमा एमसीसी लगायतका साम्राज्यवादी परियोजना विद्यमान दलका दलाल पूँजीवादीहरूद्वारा लागू गराउन ढिलो भएपछि उनीहरूकै परिभाषामा परेका जेन्जी तथा युवाहरूलाई चाँडै छुने मुद्दा सामाजिक सञ्जाल सत्ताधारी पार्टीभित्र घुसेका साम्राज्यवादका दलालहरूद्वारा मन्त्रीपरिषदमा प्रतिबन्ध लगाउने निर्णय गराई "विद्रोह" मा उतारेर नियमित चुनाव अगावै ल्याइएको चुनाव हो । त्यसकारण यसमा यसमा भाग लिनु भनेको साम्राज्यवादलाई सहयोग गर्नु हुन जाने भएकोले हामीले बहिस्कार गर्ने निर्णय गरेका हौं ।

तेश्रो कुरा : यो साम्राज्यवादद्वारा प्रायोजित छ । अमेरिकी तथा बेलायती साम्राज्यवादीहरूले नेपालबाट पहिलो कुरा प्राकृतिक संसाधनहरू दोहन गर्न चाहन्छन्, दोश्रो, नवऔपनिवशिक तरीकाले नेपाल कब्जा गरी आफ्नो प्रमुख प्रतिस्पर्धी चीनमाथि अमेरिकाले हस्तक्षेप गर्न चाहन्छ । भारतमा करीब ३०० वर्ष राज गरेको बेलायतले नेपाल बुझ्ेको हुँदा अमेरिकाले उसको साथ लिइरहेको छ । अर्को कुरा बेलायतको साथले भारतलाई तह लगाउन पनि सजिलो छ । त्यसकारण हामीले यो चुनावमा सशक्त बहिस्कार गर्नुपर्दछ । चौथो कुरा, यदि हामीले यो चुनावमा भाग लियौं भने जनताले हामीलाई पनि दलाल संसदीय दलहरू र संशोधनवादीहरूलाई जस्तै एउटै डालामा हालेर हेर्नेछन् र एउटै चरित्रमा राख्नेछन् । अर्को विकल्प नै बाँकी रहने छैन । भिन्न पहिचान र चरित्र नै गुम्नेछ । त्यसकारण हामीले साम्राज्यवादद्वारा प्रायोजित र जनताद्वारा घृणित संसदीय चुनावको बहिस्कार गर्ने निर्णय गरेको हो ।

यसको विकल्पमा चारदलीय संयुक्त मोर्चाले र हाम्रो पार्टीले देशभक्त, क्रान्तिकारी-जनवादी र वामपंथी पार्टी, समूह र व्यक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने, त्यो सम्मेलनबाट संयुक्त मोर्चा निर्माण गरी संघर्षको घोषणा गर्ने, संघर्षकै रापतापमा स्वाधीन संयुक्त जनसरकार निर्माण गरी जनसंविधान बनाएर देश बनाउन अघि बढ्ने निर्णय गरेका छन् । जहाँसम्म तपाईंने सोध्नु भएको छ : तपाईहरूले त संसदीय निवाचन रोकेर यो संकटको निकास दिन सर्वपक्षीय सम्मेलन गर्ने भन्नुभएको थियो । सरकारले त २१ गते जसरी पनि निर्वाचन गर्नुपर्छ भनेर अघि बढिसक्यो ।

पहिलो कुरा हाँक साप्ताहिक मार्फत हामी के स्पष्ट गर्न चाहन्छौं भने चुनाव बहिस्कार माथि विश्लेषण गरिएको परिस्थिति अनुसारको कार्यनीति हो । चुनाव रोक्ने र राज्यसत्ता नै कब्जा गर्ने रणनीति होइन । कहिलेकाँही कार्यनीतिक कार्यक्रम अघि बढ्दै जाँदा राज्यसत्ता नै कब्जा हुने स्तरको आन्दोलन विकास हुन पनि सक्दछ । त्यो संभावनालाई नकार्न सकिदैन । युद्धको घोषणा भएको स्थितिमा जनयुद्धले पनि समग्र चुनाव रोक्न नसकेको इतिहास साँक्षी नै छ । हामीले चुनावै हुन नसक्ने गरी बहिस्कार कार्यक्रम अघि बढाउनु र उनीहरूले जसरी पनि चुनाव सम्पन्न गर्ने गरी चुनावका कार्यक्रम अघि बढाउनु द्वन्द्ववादको नियम हो ।

***वर्तमान सुशीला कार्की नेतृत्वको चुनावी सरकारलाई तपाईहरूले साम्राज्यवाद र विस्तारवादको एजेन्टहरूको सरकार भनिरहनुभएको छ तर सुशीला कार्कीले नेपालका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू, आन्दोलनकारी जेन्जीहरू सबैको आग्रहले अप्ठ्यारो परिस्थितिमा देश सम्हाल्नुपर्ने बाध्यता परेकोले नेतृत्वमा आएको , रहरले हैन भन्दै छिन् ?***

हामी स्पष्ट रूपमा के भन्दछौ भने यो सुशीला कार्कीको सरकार आफ्नो एमसीसी र एसपीपी परियोजना लागू गर्न साम्राज्यवादी अमेरिका र विस्तारवादी भारतले आफ्नो अस्तित्व पनि कायम राख्न बनाएको सरकार हो । यो देशमा रहेका पुराना संसदीय दलहरूमध्ये एमाले र केही राजावादीको पूर्ण समर्थन देखिदैन । यो सरकार बनाउन प्रचण्ड नेतृत्वको नेकपा र रास्वपाको घोषित समर्थन देखिन्छ । अरू धेरे दलहरू यो सरकारको विपक्षमा देखिन्छन् । सुशीला आफै जेन्जीहरूलाई भड्काउनेमध्ये एक हुन् । जेन्जीहरूको रगत र पसिनामा उनले राज गरिरहेकी छन् । उनले अप्ठ्यारो परिस्थितिमा देश सम्हालेकी होइनन्, बरु अमेरिका र भारतको सम्झौताको मौकामा चौका हानेकी हुन् । वास्तविक जेन्जीहरूको प्रतिनिधि नै होइनन् उनी । उनी रवि, बालेन र साम्राज्यवादको प्रतिनिधि हुन ।

***भर्खरै चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीले बहिष्कार आन्दोलनमा लागेका पार्टीहरूलाई चुनावमा हैसियत नभएकाहरू , उम्मेदवार उठाउन नसक्ने , जित्न नसक्ने र चुनावको मौका पारेर आर्थिक संकलनमा लागेका भनेर बोलेको सुन्नुभयो ?***

हो सही हो । उनले सुरक्षा अधिकारीहरूको बैठकमा बहिस्कार गर्नेहरूको कुनै प्रभावकारी भूमिका नरहेको, दुई चार जनाको समूहमा रहेको, जीवन धान्न जवर्दस्त पैसा असुल्नेहरू, चुनावमा उठ्न नसक्नेहरू जस्ता आरोप लगाएको कुरा राम्रोसँग सुनेको छु । यो कुरा उनले प्रधानमन्त्री भएर के बोल्न हुन्छ, के बोल्न हुँदैन भनेर विश्वस्त नभई 'मैले यो कुरा भन्न हुन्छ कि हुँदैन' भन्दै बोलेकी छन् । एकातिर उनले यसप्रकारको तूच्छता प्रकट गरिरहेकी छिन् भने अर्कोतिर प्रभावहीन पार्टीका नेता तथा कार्यकर्ताहरूलाई दर्जनौं संख्यामा गिरफ्तार गर्न लगाइरहेकी छन् । यो तथ्यले मात्र के प्रमाणित हुन्छ भने बहिस्कारकर्ता पार्टीहरू नै सुशीला सरकारका लागि जो चुनौती रहेका छन ती साम्राज्यवादका लागि पनि चुनौती रहेका छन् । प्रभावकारी त विचार र उद्देश्यले हुने हो, विचारविहिन पट्ठुहरू प्रभावकारी हुने कुरै हुँदैन ।

***निर्वाचन बहिष्कार गर्नुको सट्टा देशभक्त शक्तिहरूको बलियो मोर्चा बनाएर चुनावी मैदानबाट नै साम्राज्यवाद र विस्तारवादका एजेन्टहरूलाई परास्त गर्ने गरी चुनाव उपयोग गरेको भए हुन्थ्यो भनेर सल्लाह सुझाव दिने जनसमूह पनि रहेका छन्। त्यस प्रति यहाँको प्रतिक्रिया के छ ?***

साम्राज्यवाद तथा विस्तारवादद्वारा प्रायोजित कठपुतली सरकारको संसदीय चुनाव शोषित-उत्पीडित सर्वहारावर्गका प्रतिनिधिले देश भक्तहरूसँग गठबन्धन गरेर जित्न सक्छन् भने कुरा अहिले आधारहीन छ । पहिलो कुरा, साम्राज्यवादीद्वारा प्रायोजित चुनावमा चुनाव देखाउने दाँत मात्र हो भने साम-दाम-दण्ड-भेदद्वारा उम्मेद्वार छनौट (सेलेक्सन गर्ने) चपाउने दाँत हो । एकजना अन्तर्राास्ट्रिय राजनीतिका विज्ञ प्राध्यापक उद्धव सिग्देलले हिमालय टेलिभिजनमा दिएको अन्तरवार्ता अनुसार एकसय ६५ जना नै छानिइसकेका छन् । यो चुनाव त देखाउने दाँत मात्र हो । उनका अनुसार यो इलेक्सन होइन, बरु सेलेक्सन हो । अझ यो म्यानिपुलेशन (हेरफेर) हो । उनी कुनै क्रान्तिकारी प्राध्यापक होइनन् । उनी अभिजातवर्गीय प्राध्यापक भएर यस्तो वास्तविकता बोलेका छन् । दोश्रो कुरा, दलाल पूँजीवादी वा पुँजीवादी संसदीय चुनावमा जित्न पैसा चाहिन्छ । जनताको मत प्राप्त गर्नु गुण्डा, प्रहरी, सेना, कर्मचारी, साथीभाइ र उस्तै परे जनतालाई समेत पैसा चाहिन्छ । पैसा पनि प्रतिस्पर्धीभन्दा बढी भएको उम्मेद्वार हुनुपर्‍यो ।

त्यसकारण साम्राज्यवाद र तिनका दलालहरूसँग टक्कर लिन र तिनलाई पराजित गर्न चुनाव होइन, विद्यमान प्रतिक्रियावादी संसदीय व्यवस्थाका विरुद्ध बलियो कम्युनिष्ट पार्टी, त्यस क्रान्तिकारी पार्टीको नेतृत्वमा संयुक्त मोर्चा र साम्राज्यवादसँग लड्ने क्रान्तिकारी सेना हुनु आवश्यक हुन्छ । रुसी जनताले चुनावबाट सत्ता प्राप्त गर्न सकेनन् । अक्टोवर क्रान्तिपछि लेनिनको नेतृत्वमा भएको संविधानसभामा बोल्शेविक पार्टीले हार्‍यो र लेनिनले त्यसको विघटन गर्नुपर्‍यो । चीनमा जापानी साम्राज्यवाद र उसको दलाल च्याङकाईसेकका विरुद्ध माओ नेतृत्वको चीन कम्युनिस्ट पार्टीले २५ वर्ष लडेर मात्र चीनले मुक्ति प्राप्त गर्‍यो । त्यसपछि मात्र आजको शक्तिशाली चीन बन्यो । चिलीमा एलेन्डेले चुनावमा अत्याधिक बहुमत ल्याएर सरकार बनाए । अमेरिकी साम्राज्यवाद लागेर सरकारको नेतृत्व गरेका एलेण्डेलाई मारिदियो । नेपालमा प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा (माओवादी) ले जनयुद्धको बलमा दुईतिहाई बहुमत ल्याउन नसके पनि संविधानसभाको चुनावबाट ठूलो पार्टी बन्यो । तर एउटा सह-सचिव सरह सेनाको प्रधानसेनापति हटाउने प्रक्रियामा स्वयं प्रधानमन्त्री प्रचण्ड पदच्यूत हुनुपर्‍यो । त्यसकारण कार्ल मार्क्सले १८७१ को पेरिस कम्युनको पराजयपछि कम्युनिष्ट पार्टीको घोषणापत्रलाई बहुलायर परिमार्जन गरेका होइनन् : 'मजदूर बर्गले पुरानो राज्यसत्ता चक्कनाचूर नपारीकन आफ्नो उद्देश्य पूरा गर्न सक्तैन ।' प्रतिक्रियावादी र साम्राज्यवादी बलका विरुद्ध क्रान्तिकारी बल संगठित गर्नुको विकल्प छैन । तर यसमा विज्ञान र प्रविधि पनि जोड्नुपर्दछ ।

***यहाँहरूले सर्वपक्षीय राजनीतिक सम्मेलन, त्यस सम्मेलनबाट संयुक्त मोर्चा, स्वाधीन संयुक्त सरकारको गठन हुँदै जन संविधानको दिशामा अगाडि बढ्नुपर्छ भन्ने जुन कार्यनीति अपनाउनुभएको छ, त्यसलाई राजावादी र संसदवादी पार्टीहरूले स्वीकार गर्ने देखिँदैन । त्यस स्थितिमा उपर्युक्त कार्यनीतिक नारालाई स्थापित गर्न र कार्यान्वयनमा ल्याउन के कस्ता उपाय अपनाउने सोच्नुभएको छ ?***

पहिलो कुरा राजावादी र संसदवादी पार्टीहरू सोलोडोलो देशभक्त नहुन सक्छन् । तर त्यहाँभित्र रहेका देशभक्त, क्रान्तिकारी-लोकतन्त्रवादी (रेडिकल डेमोक्रयाट्) र वामपंथीहरू हुनसक्छन् । त्यहाँ त्यस्ता मानिसहरू छन् भन्ने हाम्रो विश्लेषण छ । अहिले संयुक्त मोर्चामा रहेका दलहरूको साझा नारा नै 'स्वाधीन संयुक्त जनसरकार' बनेको छ । आखिर नेपाल राष्ट्रको स्वाधीनता र सार्वभौमिकता चाहने नेपाली जनता छन् । जनता विना त कसले के गर्न सक्छ र ? नेपालीहरू कुरा ढिलो बुझ्दछन् । उनीहरू भीमसेन थापाको देशभक्तिको जमानाबाट धैरै अघि बढिसकेका छन् । हाम्रो स्वाधीन संयुक्त सरकार बन्ने आधारहरू प्रबल बनेर गएका छन् । हामीले पनि व्यापक रूपमा बुझाउन सकेका छैनौं । यसबारे बुझाउनुपर्दछ ।

***अलि फरक प्रसङ्गमा कुरा गरौं , जतिबेला तपाईं विद्यार्थी संगठनमा काम गर्नुहुन्थ्यो त्यतिखेर क्रान्तिकारी आन्दोलनप्रति विद्यार्थीहरूमा आकर्षण देखिन्थ्यो। तर अहिलेका नयाँ पुस्ताहरूमा क्रान्तिकारी आन्दोलनप्रति आकर्षण न्यून छ बरु नयाँ पुस्ता फरक प्रकारका राजनीतिक धारप्रति मोडिएको जस्तो देखिन्छ। यस स्थितिमा नयाँ पुस्तालाई क्रान्तिकारी आन्दोलनप्रति विश्वास दिलाउन क्रान्तिकारी शक्तिहरूले के गर्नुपर्ने ठान्नुहुन्छ ?***

२०३६ सालको विद्यार्थी र शिक्षक आन्दोलनले मेरो जीवनमा राजनीतिक चेतना जन्म्यो र म विद्यार्थी संगठनमा आबद्ध भएको थिएँ । विद्यार्थी संगठन पनि अर्ध-भूमिगत हुँदाहुँदै पनि विद्यार्थी संगठनहरू सक्रिय थिए । पंचायती व्यवस्था रहुञ्जेल नेताहरूलाई कुन पार्टीको हो भनेर जनताले चिन्दैन्थे । चौम धारका नेताहरू अनेरास्ववियु (छैठौं) र एमाले धारलाई पाँचौ भनेर चिन्दथे । हाम्रो जमानामा विद्यार्थी नेताहरूलाई विद्यालय र विश्वविद्यालयको पढाईमा प्रवीण हुन्थे । मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका पुस्तकहरू खोजी-खोजी अध्ययन गर्दथे । त्यसरी अध्ययन मात्र गर्दैनथे, बरु विद्यालय र विश्वविद्यालयका प्रतिपक्षी विद्यार्थी नेताहरूसँग व्यापक बहस पनि हुन्थ्यो । विरोधीहरूलाई जित्न सकिएन भने भोलिपल्ट फेरि अध्ययन गरेर जान्थे । विरोधीहरूलाई तर्क र बहसमा जितेर मात्र उनीहरू विद्यार्थी नेतामा स्थापित हुन्थे । एकसे एक भाषण गर्न सिपालु विद्यार्थी नेता हुन्थे । अखिल भनेको पढ्नमा जेहेनदार, संगठनमा कुशल, कार्यशैलीमा इमानदार, विद्यार्थीका समस्या बुझ्न निर्पुण हुनुपर्दछ भन्ने मान्यता स्थापित थियो । म २०३८ सालदेखि २०४८ सम्म विद्यार्थी राजनीतिमा पूर्णकालीन बने । पार्टीको निर्देशनमा अनेरास्ववियुको एघारौं राष्ट्रिय सम्मेलन तयारी समितिले वि.सं २०४४ देखि २०४८ सम्म काठमाडौंबाट कहिले नेपालगञ्ज पठायो, त्यही गएर काम गरें, पोखरा पठायो त्यही भर्ना भएर काम गरें । हामी विद्यार्थी केन्द्रीय समितिमा पुगेपछि जनताहरूका बीचमा पुगेर पार्टी संगठन बनायौं । अन्ततः मैले विश्वविद्यालयको पढाई छोडेर ग्रामीण वर्गसंघर्षमा काम गर्न थालें । अरु कमरेडहरू पनि जानुभयो । अन्ततः जनयुद्धको पहल गरेर दश वर्ष यसलाई अघि बढायौं ।

क्रान्तिकारी विद्यार्थी आन्दोलनप्रति युवा पिढीको आकर्षण घट्नुका केही कारणहरू छन् (क) त्रिभुवन विश्वविद्यालयवाट दलाल पूँजीवादी सरकारले प्रवीणता प्रमाणपत्र तह हटाउनु र उच्च माध्यमिकको ११ र १२ कक्षा बनाउनु, ख) सरकारले नै सरकारी विद्यालय र विश्वविद्यालयलाई पछि धकेल्दै निजीकरण, उदारीकरण र माफियाकरणको साम्राज्यवादी विचार तथा सहयोगको आधारमा निजी विद्यालय र विश्वविद्यालय खोल्ने खुला छोडी दिनु, (ग) सरकारी विद्यालय तथा विश्वविद्यालय पढाईको गुणस्तर खस्कदै जानु र निजीमा गुणस्तर बढ्दै जानुले गर्दा निजीमा पढाउने अभिभावकको आकर्षण बढ्नु, (घ) शैक्षिक संस्थाहरूभित्र राजनीति गर्नुहुँदैन भन्ने पुरानो पंचायती संस्कारलाई निजी शैक्षिक संस्थाहरूले फैलाउनु र खासगरी निजी विद्यालय तथा महाविद्यालयमाहरूमा विद्यार्थी संगठनमा रोक लगाउनु ती निजी विद्यालय र महाविद्यालय संगठनमा रोक लगाउनु,(ङ) केही विद्यार्थी संगठनले निजी विद्यालय र महाविद्यालयमा संगठन बनाउन खोज्दा संगठनको नेतालाई किनेर संगठन प्रक्रिया रोक्नु, (च) अन्तर्राष्ट्रिय रूपमा वैज्ञानिक समाजवादी देशहरूमा पूँजीवादको पुनर्स्थापना हुनु र साम्राज्यवादको एकलौटी दबदबा बढ्नु ।

यी कारणहरूलाई उन्मूलन गर्न पूँजीवादी जनवादी वा नयाँ जनवादी क्रान्तिको खुडकिलो पार गर्दै वैज्ञानिक समाजवादी राज्य व्यवस्था कायम गर्नुपर्दछ । तब मात्र वैज्ञानिक शिक्षा प्रणाली स्थापना सकिन्छ । यतातिर विद्यार्थीलाई आकर्षण गर्न विद्यार्थी नेताहरूले वर्तमान नेपाल र विश्वको राजनीतिक व्यवस्था तथा त्यस अन्तर्गतका शैक्षिक प्रणालीको अध्ययन गर्नुका साथै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको अध्ययन गरेर समृद्ध चेतनाको निर्माण गर्नुपर्दछ भन्ने यो दर्शनको विपरित दर्शन अधिभौतिक तथा यान्त्रिक भौतिकवादको अध्ययन गर्नुपर्थ्यो । आजका विद्यार्थीहरूलाई सबै प्रकारका पाठ्य सामग्रीहरू पुस्तकालयमा मात्र होइन, हात हातमै आइपुगेका छन् । हामीले उनीहरूलाई विज्ञान र प्रविधिको नयाँ विकासको प्रयोग गरेर पाठ्यसामाग्रीलाई उनीहरूको जीवन अनुकूल बनाउनु पर्दछ । उदाहरणको लागि भौतिक वैज्ञानिक स्टेफन हकिङले आफ्नी छोरीसँग सहकार्य गरेर 'जेम्सको ब्रह्माण्ड यात्रा' शिर्षकको वैज्ञानिक उपन्यास लेखेका छन् ।

***यहाँले राजनीतिक जीवनमा थुप्रै कष्टपूर्ण दिनहरू , उत्साहपूर्ण क्षणहरू र आश्चर्यजनक घटनाहरूको थुप्रै प्रत्यक्ष अनुभवहरू बटुल्नु भएको छ। जसमध्ये २०५८ सालमा बाजुरा कारागारबाट फरार भएको घटनालाई त्यो कसरी सम्भव भएको थियो भन्ने बारेमा पाठकहरूलाई जानकारी गराइदिनु न।***

हामी जीवनको परिपक्वतामा आईपुग्यौं । अब हामीले आफ्नो जीवन र आफूले भोगेको जगतबारे संस्लेषण गर्ने बेला आएको छ । यी अन्र्तवार्तामा सन्दर्भमा जीवनको एउटा घटनाबारे सोधेर ठिकै गर्नुभयो । २०५५ को माघ २९ गते बाजुरा जिल्लाको डोगडीबाट मलाई पक्राऊ गरिएको थियो । एक महिना चार दिनसम्म प्रहरीले मलाई कठोर र निर्मम यातना दिएर चैत्र ४ गतेतिर नै मलाई पुर्‍याइएको थियो । पटकपटकको पेशीपछि पछिल्लो पेशी राखिएको रहेछ-२०५८ असार २१ गते । हामीलाई पूर्व जानकारी त परै जाओस, संकेत पनि थिएन । प्रहरी हवल्दारले पेशी छ सर भन्यो र हत्कडी लगाएर कारागारबाट अदालत पुर्‍यायो । हामीलाई इजलाशमा बोलाइयो । न्यायधिशले कठघरामा उभ्याएर वादी र प्रतिवादीबीच बहस गरायो । हाम्रो पक्षको वकील कर्ण थापाले बहस गर्नुभयो । सरकारी वकीलले औपचारिकता पुर्‍यायो । हाम्रो मुद्दा राज्य विप्लव थियो । अढाई वर्ष कैद भुक्तान गर्नुपर्नेमा हामी म र मनबहादुर वमले तीन वर्ष भुक्तान गरिसकेका थियौं । हामीलाई अदालतले मुक्त गरिदियो । बाजुरामा काठमाडौं पढ्दा चिनजानी भएका दुई भित्र कर्ण थापा र प्रकाश शाह कारगारमा मलाई भेटन गइरहनुहुन्थ्यो । हाम्रा साथीहरू भेट्न आउने स्थिति थिएन र घरपरिवार टाढा थियो । उहाँहरूले हामीलाई राम्रो सहयोग गर्नुभयो । कर्ण थापाले त हाम्रो वकालत गरिदिनुभयो, त्यतिबेला यो साहसी काम थियो । एमाले फुटेर एमाले र माले भएको थियो । थापाजी एमाले र शाहजी माले हुनुहुन्थ्यो ।

त्यसदिन अदालतको फैसलापछि कर्ण थापा र म पिसाब फेर्न सौचालय गयौं । मलाई अर्को मुद्दा लगाएर पक्राउ गर्ने तयारी गरिएको रहेछ । अदालत लिएर आएका प्रहरी असई र हवल्दार कारागार बस्दा घुलमिल भएका साथीहरू थिए । वकिल र मैले उनीहरूसँग हामी छुट्ने भयो । अदालतले कारागारलाई पठाउने कागज तयार पार्दैछ । हामी प्रमुख जिल्ला अधिकारीकहाँ भेटेर आउने भनेर अदालतबाट निस्क्यौं । प्रकाश शाहले त्यहाँ चोकमा रहेका मानिसहरूलाई अल्मल्याउने कोसिस गर्नुभयो भने कर्ण थापाले मलाई सैनिक ब्यारेक भित्रबाट बाहुलीगाडतिर निस्कने बाटो रहेछ, काँडेतारबारभित्र घुसाइदिनुभयो । हामी बाहुलीगाड निस्केपछि कर्णजीले भन्नुभयो-'अब पक्राऊ नपर्नुहोला, त्यो जंगल भएर जानूस । म बाहुली तरेर मालिका उक्लने अंगलमा पसें । यो जिल्लाको कुनै पनि गाउँ ठाउँ मेरो लागि अपरिचित थियो । असार महिनाको त्यो दिन, करीव ४ बजेको हुँदो हो । मैले जेलबाट देखेको सानो गाउँ ढम्कने बाहेक अरु थाहा थिएन । म त्यतै ताकेर रातभरी हिंडिराखे । तर बिहान् ४/५ बजेको उज्यालो भएपछि उकालोबाट ढम्कनेतिर झरें भनेको त कारागारको ठ्याक्कै वारितिर आएछु । म तुरुन्तै झाडीभित्र लुकें र २२ गते दिनभरी त्यही उत्तीसको घारीमित्र बसें । साँझ चार बजेतिर उकालो लागें र माथि खर्कमा पुगें । त्यहाँ गाउँका मानिस भैसी लिएर गएका रहेछन् । एकजना भैसी गोठालालाई अलग बोलाएर म यसरी आएको माओवादी हुँ, मलाई ढम्कने जाने बाटोमा पुर्‍याइदिनुस् न भनेपछि पुर्‍याइदिए । तर मूल बाटोबाट जानु भएन । घनघोर पानी पर्‍यो । त्यतीबेला हामीले लगाउने खैरा सैनिक जुत्ताले साघुरिएर खुट्टा कटक्क बाँधे । अर्कोतिर जुकाहरू खुट्टाभरी झुण्डीएर दशै मनाउन थाले । राती एकातिर ऐरीको झ्याङमा फँसे भने अर्कोतिर खहरेखोला उर्लेर आयो । बिहानीपख त्यो खोला तरेको १० मिनेटपछि ढम्कने भेटियो । त्यहाँ मेरा कारागारमा परिचित साथीहरू लाल रोका र देवी धामीलाई खोजे । २३ गते बल्ल मैले त्यहाँ कोदोको रोटी र आलु खाना पाएँ।

त्यही दिनको राती हो ती दुई साथीहरूले मलाई गोत्री गाउँको नजिक लिएर छाडीदिए । उनीहरूले मलाई रोटी पनि दिएर गएका थिए । ती साथीहरूको आत्मीयता सम्झेर अहिलेका हाम्रा कमरेडहरूको स्तर कति तल गिरेको हो भन्ने अनुभूति हुन्छ । मलाई कालीकोट पुगेपछि जनमुक्ति सेनाले सलामी दियो । स्क्वायड स्तरमा देखेको जनमुक्ति सेना कम्पनीमा विकास भएछ । मलाई स्वागत गरको सेनाले बाजुराको पाण्डुसेनमा हार्वाही गर्‍यो र त्यो कार्वाहीको सफलतामा कालीकोटको एक गाउँमा सभा गर्‍यो । अन्ततः ४ महिनापछि मात्र म घरमा आइपुगेको थिए । घटनाको रिल खोल्ने हो भने यसले पत्रिका ढाक्छ ।

म छुटेको दिनमा बाजुराको मार्तडीमा के हल्ला थियो भने माथि जंगलमा माओवादी छापामारहरू सुदर्शन याने हेमन्तप्रकाश ओलीलाई कारागार कब्जा गरेर निकाल्न आएका छन् । र अर्कोतिर, मत त्यहाँबाट उम्किहाले । जुन प्रहरी मलाई अदालत ल्याएर आएका थिए र हामीलाई प्रमुख जिल्ला अधिकारी कार्यालय जान दिएका थिए उनीहरूलाई जिल्ला प्रहरी अधिकृतहरूबाट यातना खाएको कुरा पछि थाहा पाएँ । साथी कर्ण थापा र प्रकाश शाहलाई पनि धम्की आएपछि केही दिन फरार हुने स्थिति बनेको रहेछ । यो पनि महान जनयुद्धका लागि योगदान भएको छ ।

***'प्रचण्ड पथ : एक्काइसौं शताब्दीको विचारधारात्मक छलाङ' भन्ने यहाँले लेख्नुभएको पुस्तक २०६५ सालमा प्रकाशित भएको थियो। तत्कालीन नेकपा माओवादीले २०६५ सालमा नारायणकाजी श्रेष्ठले नेतृत्व गरेको नेकपा एकता केन्द्र मशालसँग एकता गर्दा बखतमै प्रचण्ड पथलाई परित्याग गरिसकेको थियो र २०७४ सालमा एमालेसँग एकता गर्दा पहिलोपटक र दोस्रो पटक २०८२ सालमा एकीकृत समाजवादी लगायतसित एकता गर्दा दुईपटक पथप्रदर्शक सिद्धान्तबाट प्रचण्डहरूले माओवादलाई पनि परित्याग गरे । यी सबै घटनाको पृष्ठभूमिमा आफैले लेखेको उक्त पुस्तकबारे अहिले तपाईंको कस्तो धारणा छ ?***

राम्रो प्रश्न उठाउनुभयो र मलाई स्पष्टीकरण दिने मौका मिल्यो । २०६५ मा 'प्रचण्डपथः एक्काइसौं शताब्दीको विचारधारात्मक छलाङ्' शीर्षकको किताब लेखेको थिऐं । यसको प्रारम्भिक खाका मैले बाजुरा जेलमा नै तयार पारेको थिएं । त्यो खाका मेरो अर्को जेल डायरी र काराबासभित्रका दिनचर्याहरूमा छापिएको छ ।

यसमा मैले केही कुरा स्पष्ट गर्न चाहन्छु । पहिलो कुरा त तत्कालीन नेकपा (माओवादी) को २०५७ मा सम्पन्न दोश्रो राष्ट्रिय सम्मेलनबाट 'महान् अग्रगामी छलाङ इतिहासको अपरिहार्य आवश्यकता' छापियो । जसबेला म बाजुरा कारागारमा थिऐं । त्यसमा नै प्रचण्डपथ पारित गरिएको थियो । यसमा म खुशी भएको थिएँ किनभने हामीले विचारको विकास हुनुपर्छ भन्ने अर्मुत बहस गरिरहेको बेला मूर्त कुरा आयो । विचारको विकास आखिर कार्ययोजना, कार्यक्रम र कार्यनीतिबाट हुने हो । एकैचोटी मालेमावादको पनि विकास भएको होइन । प्रचण्डको नेतृत्वमा बनेका कार्ययोजना, कार्यक्रम र कार्यनीति लागू भएकै छन् । यसमा थप विकासको त आवश्यकता पर्दछ र गर्नुपर्दछ । कारागारमा प्राप्त सीमित सामग्री, जनयुद्धको पृष्ठभूमि र जनयुद्ध सञ्चालनको प्रक्रिया तथा जेल नपर्दासम्मको अनुभूतिका आधारमा मैले यो निस्कर्ष निकालें ।

दोश्रो कारागार मुक्त भएपछि त नेता र कार्यकताहरूसँगको वृहद भेटघाट र स्वयम राष्ट्रिय सम्मेलनबाट परित दस्तावेजको अध्यनबाट विचार विकास भएकोमा प्रफुल्लित भएर मेरो पर्खालभित्रको रूपरेखालाई थप परिमार्जन र विकास गरें । जेलमा राखेको शिर्षक 'प्रचन्डपथ एक्काइसौ शताव्दीको विचारधारात्मक जग' थियो । बाहिर आएर त्यो शिर्षकमा जगको सट्टा 'छलाङ' थपें ।

२०६५ मा नेकपा (माओवादी) र नेकपा (एकता केन्द्र-मसाल) को एकतापछि प्रचण्डपथका प्रवर्तक स्वयं प्रचण्डले अघोषित रूपमा प्रकाश सँगको गुप्त सम्झौतामा प्रचण्डपथ छोडेको कुरा थाहा भयो । मसँग प्रचण्डले 'कहाँ छोडनु छोडेको होइन' भन्नुभयो । त्यतिबेला मेरो किताब भर्खर प्रकाशित भएको थियो । खरीपाटी बैठकमा यसलाई खूब वितरण गरियो जसबेला क. किरण र प्रचण्डबीच दुईलाइन् संघर्ष शुरु भएको थियो । क. किरणले संघर्षको दर्शनमा 'प्रचण्डपथको दर्शनिक मान्यता' शिर्षकको आलेखमा विशद व्याख्या गरिसक्नुभएको थियो । यसले पनि मैले लेखेर ठीकै गरेको रहेछु, भन्ने महसुस गरायो ।

अहिले आएर हेर्दा र बुझ्दा त प्रचण्डले क. किरणजी र मेरो स्तरबाट सोचेर विचारको विकास गर्ने हिसाबले होइन, बरु आफ्नो व्यक्तिवादको विकास गर्ने कोणबाट प्रचण्डपथ स्थापित गर्न खाजेका रहेछन् । तपाईले भन्नुभए जस्तै आज आएर उनले एमाले र अन्य संशोधनवादीहरूले जस्तै माओवादलाई बहुदलीय जनवादसँग साटिसकेका छन् । यस अवस्थामा उक्त पुस्तक मेरो तत्कालिन बुझाईको ऐतिहासिक साक्षी त भइहाल्यो । प्रचण्डपथलाई खारेज गरी मालेमावादको थप विकास गर्ने संघर्ष जारी छ र जारी राख्नेछु । हाम्रा पार्टीको राष्ट्रिय एकता महाधिवेशनद्वारा पारित मार्गदर्शक सिद्धान्त मालेमावाद, राजनीतिक कार्यदिशा नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवादतर्फ अघि बढने, सामरिक कार्यदिशा सशस्त्र जनविद्रोह र तात्कालिक कार्यनीति स्वाधीन संयुक्त सरकारको *बाँकी पृष्ठ ८ मा*

# ११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रमका एक झलक

















वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# आक्रमण: प्रत्याक्रमणले खाडी देशको भविष्य के होला ?

एजेन्सी। अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता अली खामेनीसमेत मारिने गरी आक्रमण गरेको केही घण्टामै इरानले मध्यपूर्वका कैयौँ इस्लामिक देशहरूमा हमला थालेको छ।

इरानविरुद्ध अमेरिका-इजरायलको संयुक्त कारबाहीमा सहयोग गरेको ठहर गर्दै इरानले खाडी मुलुकमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्तिलाई निशाना बनाइरहेको छ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) ले आफ्नो विज्ञप्तिमा ‘ट्रुथफुल प्रोमिस-४’ अभियानअन्तर्गत अमेरिका-इजरायलका आक्रमणको प्रतिकारस्वरूप अमेरिकी अड्डा र सम्पत्तिलाई निशाना बनाइरहेको जनाएको छ।

आईआरजीसीका अनुसार इरानले निशाना बनाएका देशहरूमा साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, कुवेत र जोर्डन समावेश छन्।

अमेरिका र इजरायलले इरानमाथि निरन्तर आक्रमण गरिरहेकाले त्यसको जवाफस्वरूप इरानले पनि हमला सुरु गरेको हो। इरानका विदेशमन्त्री अब्बास अराघचीले इरानले आत्मरक्षाका लागि सबै सैन्य उपाय प्रयोग गर्ने बताएका छन्।

यी घटनापछि मध्यपूर्वको अवस्था झन् गम्भीर बनेको छ र क्षेत्रीय स्थिरताबारे चिन्ता बढेको छ। साथै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल र प्राकृतिक ग्याँसको मूल्य आकासिएको छ।

युएईमा भएको आक्रमणमा एक नेपाली र एक भारतीयको समेत मृत्यु भएपछि वैदेशिक रोजगारीमा रहेका लाखौं प्रवासीको सुरक्षाबारे चिन्ता बढेको छ।

इरानका आक्रमणपछि यूएईका दुबई र अबुधाबी विमानस्थलमा एक जनाको मृत्यु भएको र ११ जना घाइते भएको जनाइएको छ।

युएईको आबुधाबीका अधिकारीहरूले जायद अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी प्रहार गरेको एक ड्रोनलाई बीचमै खसालिएको पुष्टि गरेका छन् तर खसेको भग्नावशेषका कारण एक जनाको मृत्यु र सात जना घाइते भए।

दुबई अन्तर्राष्ट्रिय विमानस्थल यात्रु संख्याका हिसाबले विश्वकै सबैभन्दा व्यस्त विमानस्थल मानिन्छ। उक्त आक्रमणमा त्यहाँ पनि क्षति पुगेको र चार कर्मचारी घाइते भएको जनाइएको छ।

यसैगरी ओमानको खाडीमा एक तेल ट्र्यांकरमाथि ड्रोन आक्रमण हुँदा एकजना भारतीय नागरिकको मृत्यु भएको छ। ओमानको मस्कटस्थित भारतीय दूतावासले सामाजिक सन्जाल प्लेटफर्म एक्समार्फत् भारतीय नागरिकको मृत्यु भएको जानकारी दिएको हो।

खाडी मुलुकहरूमा इरानको लगातार आक्रमणका कारण मध्यपूर्वको आकाश हुँदै आवतजावत गर्ने हजारौं उडानहरू रद्द वा स्थगित गरिएका छन्। आइतबार, १ मार्चमा पनि इरानले प्रतिआक्रमण जारी राख्यो। दोहा, दुबई तथा मनामामा विस्फोटको आवाज सुनिएको थियो।



इरानका सर्वोच्च नेता आयोतुल्लाह अली खामेनीको मृत्यु भएपछि इरानले ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोन प्रयोग गर्दै खाडी क्षेत्रमा अमेरिकाका सहयोगी देश र अड्डाहरूमा व्यापक आक्रमण गरेको छ।

यसबीच कतार, बहराइन, जोर्डन र कुवेतले आफ्नोतर्फ प्रहार गरिएका मिसाइलहरू अवरुद्ध गरेको दाबी गरेका छन्, तर खसेका भग्नावशेषका कारण ठूलो क्षति पुगेको बताएका छन्। ती देशहरूमा अमेरिकी सैन्य अड्डा रहेका छन्।

दुबईमा पनि एक हवाई आक्रमण रोक्ने क्रममा खसेको भग्नावशेषका कारण जेबेल अली समुद्री बन्दरगाहको एक भागमा आगलागी भएको थियो। यो विश्वकै नवौँ सबैभन्दा व्यस्त बन्दरगाह मानिन्छ।

बहराइनको गृहमन्त्रालयले ड्रोन आक्रमणका कारण त्यहाँको विमानस्थलमा क्षति पुगेको जनाएको छ। आइतबार बिहान पनि यस्ता आक्रमणको अपुष्ट समाचार आएका थिए।

शनिबार आईआरजीसीले बहराइनको राजधानी मनामामा अवस्थित अमेरिकी नौसेनाको पाँचौं डफ्फाको मुख्यालयमा हमला गरेको दाबी गरेको थियो। उक्त क्षेत्रबाट कालो धुवाँका ठूला मुस्लाहरू उठिरहेको देखिएको थियो।

यसैगरी ओमानको सरकारी समाचार एजेन्सीले दुक्मको व्यावसायिक बन्दरगाहमा दुई ड्रोन खसेर एक कर्मचारी घाइते भएको जनाएको छ।

मुस्लिम बहुल खाडी देशहरूमाथि इरानले गरेको आक्रमणपछि धेरै देशहरूले कडा प्रतिक्रिया जनाएका छन् र यसलाई आफ्नो सार्वभौमिकताको उल्लंघन भएको बताएका छन्।

अर्गनाइजेसन अफ इस्लामिक को-अपरेसन ९ओआईसी० ले पनि इरानको आक्रमणको निन्दा गरेको छ। ५७ सदस्य राष्ट्र रहेको ओआईसीलाई प्रायस् इस्लामिक विश्वको सामूहिक आवाज मानिन्छ। सन् १९६९ मा स्थापना भएको यस संस्थाको उद्देश्य विश्वभरका मुस्लिमहरूको हित संरक्षण गर्नु हो।

ओआईसीले जारी गरेको वक्तव्यमा सदस्य राष्ट्रहरूको सार्वभौमिकता र अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरूको निरन्तर उल्लंघन खतरनाक उदाहरण भएको बताइएको छ। यसले असल छिमेकी सम्बन्ध, पारस्परिक सम्मान र अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तलाई कमजोर बनाउने उल्लेख छ।

मक्कास्थित अन्तर्राष्ट्रिय इस्लामिक गैर-सरकारी संस्था मुस्लिम वर्ल्ड लिगले पनि छिमेकी अरब देशविरुद्ध इरानको कारबाहीको कडा आलोचना गरेको छ।

जवाहरलाल नेहरू विश्वविद्यालयको स्कूल अफ इन्टरनेशनल स्टडीजका प्राध्यापक तथा मध्यपूर्व विषयका जानकार अश्विनी महापात्राका अनुसार इरानले कूटनीतिक भूल गरेको छैन। ‘अमेरिका र इजरायलको आक्रमणपछि इरानमा सत्ता संरचना कमजोर भयो। अहिलेको कारबाही आफ्नो जनतालाई सत्ता अझै कायम छ भन्ने सन्देश दिनका लागि हो,’ महापात्राले बीबीसी हिन्दीसँग भनेका छन्।

उनका अनुसार इरानका सर्वोच्च नेता अली खामेनीको मृत्युले उत्पन्न शक्ति-शून्यताले अस्थिरता निम्त्याएको छ। यस्तो अवस्थामा सत्ता सम्हाल्ने पक्षभित्रै अन्योल देखिन्छ।

उनी भन्छन्, ‘बाहिरबाट हेर्दा कूटनीतिक भूल जस्तो देखिन सक्छ, तर भित्रको अवस्था फरक छ। नीति कसले बनाउने र कस्तो जवाफ दिने भन्ने स्पष्टता छैन।’

यसैगरी जामिया मिल्लिया इस्लामिया विश्वविद्यालय अन्तर्गत नेल्सन मण्डेला सेन्टर फर पीस एन्ड कन्फ्लिक्ट रिजोल्युसनका सहायक प्रा

ध्यापक प्रेम आनन्द मिश्रा भने यसलाई इरानको स्पष्ट कूटनीतिक भूल मान्छन्। उनी भन्छन्, ‘यी आक्रमणले इरानको सैन्य क्षमताका सीमाहरू उजागर गरेका छन्। हताशमा चालिएको कदमले खाडी देशहरूलाई अझ नजिकबाट अमेरिकी सुरक्षा छातामुनि ल्याएको छ।’

विश्लेषकहरूका अनुसार अब प्रश्न उठेको छ के इरान थप कूटनीतिक अलगावतर्फ धकेलिनेछ रु प्राध्यापक महापात्राका अनुसार, मध्यपूर्व क्षेत्रका अधिकांश देश सुन्नी बहुल छन्, त्यसैले कूटनीतिक चुनौती नयाँ होइन। तर इरानलाई तत्काल सहानुभूति मिल्ने सम्भावना कम रहेको उनी बताउँछन्। ‘इजरायल र अमेरिकासँगको युद्धमा अन्य देशलाई किन तानियो रु’ भनेर इरानको आलोचना हुनेछ।

अर्कोतर्फ, अमेरिका र इजरायलले इरानमा सम्भावित सत्ता परिवर्तन चाहेको विश्लेषण पनि छ। भविष्यमा इरानको सत्ता कसको हातमा जान्छ भन्ने कुराले क्षेत्रीय समीकरण निर्धारण गर्ने देखिन्छ।

साथै, अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको भूमिकाबारे पनि बहस भइरहेको छ। कतिपय विश्लेषकका अनुसार अमेरिकाको क्षेत्रीय सैन्य उपस्थिति अझ बढ्न सक्छ।

रणनीतिक हिसाबले राजनीतिक र सैन्य दुवै उद्देश्य हुने भएकाले आगामी समय मध्यपूर्वका लागि निर्णायक हुन सक्छ।

*-बीबीसी हिन्दीबाट*

## अमेरिकी...

पश्चिम अफ्रिका र पूर्वी अफ्रिकी कोष्टका प्रत्येक क्षेत्रमा सांस्कृतिक विकासहरू भएका थिए। केही इतिहासकारहरूले सभ्यताको पहिलो विकास इजिप्टमा नभएर मेसोपोटामियामा (हालको इराकमा भएको थियो। मेसोपेटामियापछि मात्र इजिप्टमा सभ्यताको विकास भएको मानिन्छ। अमेरिकी साम्राज्यवादीले इराकको सभ्यतालाई आक्रमण गरेर त्यहाँका राष्ट्रपति सद्दाम हुसेनको हत्या गरेर ध्वस्त पारे। अमेरिकी कठपुतली हुन अस्वीकार गरेपछि इराकसँग आणविक तथा अन्य घातक रासायनिक बम भएको अभियोग लगाएर आक्रमण गर्नुको पछाडि इराकको तेलमाथि अधिकार जमाउनु हो। इराक विश्वमा तेलको भण्डार भएको पाँचौं मुलुकमा पर्छ। इराकसँग करिब १४५ अर्ब व्यारेल कच्चा तेलको भण्डार छ।

१९२१ मा इराकमाथि बेलायती साम्राज्यवादीले अधिकार जमाएको थियो। बेलायती साम्राज्यवादीका लागि इराक एउटा रणनैतिक दृष्टिकोणले महत्वपूर्ण हुनुमा इराकको तेल भण्डार फारसको खाडी र भारतसम्म जान एउटा सुगम र सुरक्षित बाटो हुन्थ्यो। बेलायतले प्रथम विश्वयुद्धपछि अटोमन साम्राज्यवादको पतन भएकाले पनि त्यहाँ आफ्नो उपनिवेश बनाउन प्रथम विश्वयुद्धमा लामो सैनिक अभियान चलायो। इराक औपचारिक रूपमा सन् १९३२ अक्टोबर ३ मा ३, १९३२ मा स्वतन्त्र भयो र लिग अफ नेसन्सको सदस्य भयो। मार्च २०, २००३ मा अमेरिकाले सेप्टेम्बर ११ को टवीन टावरमाथिको आक्रमणको दोष इराकमाथि लगाएर आक्रमण गऱ्यो। जब अमेरिकाको मार्च २०, २००३ मा गरेको आक्रमणमा बेलायत, अस्ट्रेलिया र पोल्याण्डले साथ दिए। संयुक्त सेनाले जमिनी युद्धद्वारा वाथिस्ट सत्तालाई परास्त गरे। सद्दाम हुसेनलाई फाँसी दिएर पनि व्यापक अशान्ति लुटमार र व्यापक भ्रष्टचारले गर्दा त्यहाँ नयाँ सुनौलो विहानीको इराकी जनताको सपना अधुरै छ। जबसम्म विश्वमा नरभक्षी साम्राज्यवादी शक्ति रहन्छ। तवसम्म शान्ति हुन सक्दैन र समृद्धि त टाढाको सपना मात्र हुन्छ।

अमेरिकाले इरान र इराकलाई लडाउन इरानलाई अत्याधुनिक हातहतियारहरू बेच्यो र इरान इराक युद्ध सेप्टेम्बर १९८० देखि अगस्ट १९८८ सम्म भयो। यो लडाई गराउने मुख्य शक्ति अमेरिकी साम्राज्यवाद हो र मुख्य कारण इरानको तेलमाथि अधिकार जमाउने थियो। दुवै देशलाई लडाए तापनि अमेरिकाले इराकलाई समर्थन गऱ्यो किनभने इरानले जितेमा तेल अरब राज्यहरूमा प्रवाहित हुन्थ्यो। इरान, इराक युद्धमा १० लाखदेखि २० लाख मानिस मरे जसमा सेना र जनता दुवै थिए।

अरब बसन्त विद्रोहको दमनको बहाना बनाएर तेलको लुट गर्न अमेरिकी साम्राज्यवादी र उसका मित्रशक्ति मिलेर २०११ मा लिवियामा आक्रमण गरे। आतंकवादीको समर्थक भएको अभियोग लगाएर आक्रमण गरिएको थियो। लिवियामाथि आक्रमण गर्ने स्वीकृति संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले दिएको थियो। जब कि शान्ति स्थापना गर्ने संयुक्त राष्ट्रसंघ नै युद्ध समर्थक हुनुले संयुक्त राष्ट्र संघ अमेरिकी साम्राज्यवादीको कठपुतली हो भन्ने पुनः प्रमाणित भएको थियो। यसभन्दा पहिले पनि संयुक्त राष्ट्रसंघले युद्धको समर्थन गरेको छ संघ शान्ति सेनाको नाममा। लिवियामा ४८ अरब व्यारेल तेलको भण्डार छ। २०२४-२०२५ मा हाल दैनिक १.४ मिलियन व्यारेल तेल दैनिक उत्पादन भइरहेछ। सार्वभौमसत्ता सम्पन्न लिवियामाथि आक्रमण, त्यहाँका राष्ट्र प्रमुख कर्नेल गद्दाफी र उनका सबै परिवारको कत्लेआम गर्नु साम्राज्यवादीकै अन्तर्राष्ट्रिय नियम, कानुन सबै विपरीत रहेको सर्व विदितै विषय हो। अरु साना ठूला कमजोर मुलुकहरूलाई त्यहाँका जनतालाई मानिसको रूपमा नहेर्ने पश्चिमी तथा अमेरिकी साम्राज्यवादीहरूले अरुलाई प्रजातन्त्र, मानव अधिकार आदिको शिक्षा कति खोक्रो ढोंगी छ भन्ने जान्नु, बुझ्नु आजको आवश्यकता हो। तर पनि साम्राज्यवादी तथा विकसित पुँजीवादी मुलुकहरूमा शिक्षित, दिक्षितहरू पुँजीवादी साम्राज्यवादीकै झुटमुठ प्रचारप्रसारमा अटल विश्वास राख्दछ। अमेरिकी साम्राज्यवादी र उसका पुच्छर विकसित पुँजीवादी मुलुकहरूले लिवियालाई परास्त गर्न आठ महिना लाग्यो। सन् २०११ मार्च २ देखि अक्टोबर २ तारिखसम्म लाग्यो र १५००० देखि ३०, ००० मारिएको समाचार साम्राज्यवादी संचारमाध्यमले जनाएका थिए।

अमेरिकी र नाटो शक्तिले तेलमाथि पूर्ण अधिकार गर्न नसकेका मात्र होइन, लिवियामा धेरै सशस्त्र समूहहरू एक आपसमा लडिरहेछन्। गभरमेन्ट अफ नेशनल युनिटी (जिएनयु) ले लिवियाको पश्चिम क्षेत्र र लिवियन अरब आर्म्ड फोर्सेस (एलएएएफ) ले पूर्वी र दक्षिणी क्षेत्रहरूमा अधिकार जमाएका छन् र एक आपसमा लडिरहन्छन्। यस्ता सशस्त्र समूहहरूको जुधाईमा लिवियाली जनता दिनहुँ मारिने र अपांग हुने क्रम तीव्र हुँदै गएको छ। जब कि एउटै समूहले तेलमाथि अधिकार जमाउन सकेको छैन तापनि साम्राज्यवादी तथा उसका कठपुतली अन्तर्राष्ट्रिय शक्तिले समर्थन गरेको सरकारी लिवियन नेशनल आर्मी (एलएनए) जसको नेतृत्व खलिफा हाफ्टरको अधिकारमा छ। अन्य समूहले कहिले कुनैले कहिले कुनैले जमाउने गरेका छन्। सन् २०१७ देखि इस्लामिस्ट मिलिसियाले प्रमुख बन्दरगाह तथा तेल प्रशोधन केन्द्रमाथि अधिकार जमाएको छ। लिवियन तेल २०२४ मा इटाली, जर्मनी, स्पेन र फ्रान्स प्रमुख आयातकर्ता थिए, जसमा इटालीले ६.९ अमेरिकी डलर बराबरको तेल आयात गरेको थियो।

अमेरिकी साम्राज्यवादीले प्रजातन्त्रको नाममा तेलमाथि अधिकार जमाउन मौमर मुहमद अबु मिनियर अल गद्दाफीको सत्ता पल्टाए। जब कि गद्दाफी एक जना लिवियन सैनिक अफिसर हुनुकासाथै क्रान्तिकारी, राजनीतिज्ञ तथा राजनैतिक सिद्धान्तकार थिए। गद्दाफीको सत्ताले प्रतिव्यक्ति आम्दानी ११००० अमेरिकी डलरदेखि ३०, ००० अमेरिकी डलर भन्दा ज्यादा थियो।

कुनै पनि मुलुकमा भएको तेलको भण्डार प्रति ऱ्याल चुहाउने अमेरिका त्यसको लुट गर्न विभिन्न बहानावाजी गरेर आक्रमण गरेर राष्ट्र प्रमुखहरूको आक्रमण र हत्या गरेका विवरणमाथि दिइयो। अब पुनः भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो राष्ट्रवादी अडान राख्ने वामपन्थी साम्राज्यवाद विरोधी भएकाले अमेरिकी राष्ट्रपति ट्रम्पले तेलको ठूलो भण्डार भएको भेनेजुएलालाई आफ्नो आक्रमणको गोप्य तारो बनाउँदै छन्। भेनेजुएलासँग साउदी अरेबियासँग भन्दा बढी तेलको भण्डार छ। २०२४मा भेनेजुएलासँग अनुमानित करिब ३०३ अरब व्यारेल तेलको भण्डार छ, जब कि साउदी अरेवियासँग २६७ अरब व्यारेल तेल छ। यसरी भेनेजुएला विश्वको पहिलो ठूलो तेल भण्डार भएको राष्ट्र हो। तर किन साउदी अरेविया जस्तो धनी हुन भेनेजुएलाले सकेन भन्ने प्रश्न उठ्छ। भेनेजुएला साउदी अरेविया जस्तो धनी हुन सकेन भन्ने प्रश्न उठ्छ। भेनेजुएला साउदी अरेविया जस्तो धनी हुन नसकनुमा अमेरिकी साम्राज्यवादीले लगाएको आर्थिक प्रतिबन्ध हो। अर्को धनी नहुनुमा डच डिजिज हो।

आफ्ना विरोधीलाई अभियोग लगाउ र झुण्ड्याउको सूत्र लागु गर्ने अमेरिकी साम्राज्यवादीको भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पनि तानाशाही सत्ता संचालन गरेको र अमेरिकामा ठूलो परिमाणमा लागु पदार्थ निर्यात् गरेको अभियोग लगाइएको छ। अमेरिकी साम्राज्यवादी कति तुच्छ, नरभक्षी हुन भने अगस्ट७, २०२५ मा एटर्नी जनरल पामेला बोन्डीले मदुरोलाई गिरफ्तार गर्ने सूचना दिनेलाई ५० मिलियन अमेरिकी डलर पुरस्कार दिने घोषणा गरे। जबकि अमेरिकी साम्राज्यवादीकै समाचार माध्यमले दिएको जानकारी अनुसार एक करोड जनसंख्या भएको होन्डुरसका राष्ट्रपति हरनान्डेजलाई अमेरिकी राष्ट्रपति ट्रम्पले जेल मुक्त (२८ नोभेम्बर २०२५) मा गरेका छन्। हर्नान्डेजलाई ४०० टन कोकिन अमेरिकामा निर्यात् गरेको भनेर अमेरिकी अदालतले ४५ वर्षको जेल सजाय दिएको थियो। दुई वर्षे कार्यकालमा हरनान्डेजले अमेरिकासँग सौहार्द्रपूर्ण सम्बन्ध राखेको भनेर अमेरिकी पूर्व राष्ट्रपति ओबामाले आप्रवासी बच्चाहरूको संकटमा हर्नानान्डेजले गरेको कामलाई “अत्यन्त राम्रो” भनेर प्रशंसा गरेका थिए। जहाँसम्म ट्रम्पको प्रश्न छ उनले २०१७ को विवादित भोटले विजयी भएका हर्नान्डेजको समर्थन गरेका थिए। हर्नान्डेजलाई हातहतियार र लागु पदार्थ अमेरिकामा निर्यात् गरेको अभियोगमा २०२२ मा गिरफ्तार गरेर अमेरिका सुपुर्दगी गरिएको थियो। उपरोक्त विवरणले के प्रष्ट पार्छ भने अमेरिकी साम्राज्यवाद विश्वका शान्तिप्रेमी देशभक्त, स्वाभिमानी आम जनताका एकनम्बरको दुश्मन हो। नेपालमा पनि अमेरिकी साम्राज्यवादी एमसीसीको नाममा दरो खुट्टा टेक्दैछ। अमेरिकाका लागि नेपाल एउटा रणनैतिक दृष्टिकोणले तिब्बतलाई स्वतन्त्र गर्न अत्यावश्यक छ।

भ्रष्टाचारको अन्त्य र संचारमाध्यममाथि लगाएको प्रतिबन्धको विरुद्ध जेनजीको शान्तिपूर्ण आन्दोलनमा फासिष्ट ओली काङ्गठबन्धनको सरकारले गरेको क्रुर बर्बर दमनले २४ भाद्रमा आम विद्रोहको रूप लियो र ठूलो परिमाणमा देशव्यापी विनास निम्त्यायो। यो जेनजी विद्रोहमा भाग लिएका टिओबी (टिबेटियन ओरिजन ब्लड) लेखिएको जाकेट लगाएको केटाहरूको सक्रियताले आम नेपालीले अर्को ठूलो नरसंहारको रिहरसहलको रूपमा हेरेका छन्। नेपालमाथि भारत, चीन, अमेरिका तथा यूरोपेलीहरूको स्वार्थ अलग अलग छन् र एनजिओ, आइएनजिओ बाहेक अन्य अदृश्य माध्यमहरूबाट पनि स्वार्थसिद्ध गर्ने प्रयासमा छन्। यसकारण क्रान्तिकारी सर्वहारावादीहरूले साम्राज्यवादी, विस्तारवादी तथा अन्य प्रतिक्रियावादी शक्तिका षडयन्त्रहरूको मिहिनरूपले भण्डाफोर गरेर नेपालको सार्वभौमसत्ताको रक्षा गर्नु आजको अभिभारा हुन आएको छ।

# जनपक्षीय साहित्य, कला लेखनबारे केही चर्चा



● नारायण योगी ●

यस आलेखमा जनपक्षीय साहित्य कलासँग जोडिएका विविध पक्षहरू, साहित्य र कला मार्फत प्रतिक्रियावादी दलाल, भ्रष्ट सरकार, साम्राज्यवादी, विस्तारवादीहरूद्वारा मनोरञ्जनका नाममा भित्र्याइएका सामाजिक संजाल मार्फत समेत श्रव्यदृश्यका सामाग्रीहरू, गीत, संगीत, नृत्य, प्रहसन, नाटक, संस्कार, संस्कृति, रहन सहन आदिको विवेचना गर्ने प्रयत्न गर्नेछु। साथै प्रगतिशील तथा प्रगतिवादी साहित्यद्वारा जनताको सेवा कसरी गर्ने र साहित्यकारहरू ? कलाकर्मीहरूले प्रगतिशील तथा प्रगतिवादी रचनाहरू कसरी निर्माण गर्ने आदि विषयमा एकदम संक्षिप्तमानै विचारहरू राख्ने छु। मैले यहाँ प्रगतिवादी जनपक्षीय साहित्य, कलाबारे नै चर्चा गर्नेछु। किनकि यस आलेखमा यथार्थवादी रचना बारे चर्चा हुने छैन।

सर्वप्रथमतःसाहित्य र कला बारे चर्चा गरौं। साहित्य -'देश वा जातिको व्यवहारिक वा भावनात्मक विषयमा रचित भाषा र संस्कृतिको अभिव्यक्ति हो मानवीय जीवनका विविध तत्वमा आधारित प्रभावशाली ग्रन्थ वा रचना आदि काव्य, नाटक आदि। (नेपाली बृहत शब्दकोष )साहित्य हो। यो साङ्गोपाङ्गो साहित्यको बारेमा बताइएको छ।

कला -नेपाली बृहत शब्दकोष कलाको सम्बन्धमा करिब ६४ प्रकारका कलाको बारेमा बताएको छ। तर मैले यहाँ केवल यसको सैद्धान्तिक पक्षसँग जोडिएको विषयको चर्चामा आफुलाई सीमित राख्ने कोसिस गर्नेछु। साथै साहित्य कलाको निर्माणका केही टेक्निकल कुरा बारेपनि प्रकाश पार्ने प्रयत्न गर्नेछु। कलाको बारेमा दर्शन कोषमा यसरी व्याख्या गरिएको छ। कलाचेत- सामाजिक चेतना र मानव कार्यकलापको एउटा विशिष्ट रूप, जसले यथार्थतालाई 'कलात्मक बिम्बको माध्यमद्वारा प्रतिबिम्बित गर्दछ। जो संसारको सौन्दर्यात्मक बोधको एउटा महत्वपूर्ण साधन हो। श्रम कलात्मक कार्यकलाप र साथै मनुष्यको सौन्दर्यात्मक भावना तथा आवश्यकताहरूलाई साकार बनाउने पूर्ववर्ती प्रकृयाहरूको श्रोतहो।"

कलाको उत्पत्ति पाषणयुगमा इ.पू.३०, ४०हजार वर्ष पहिले भएको मानिन्छ। कलामा नृत्यनाटक, नृत्य, अभिनय आदि मानिसले जब पशुको शिकार गर्न गएको बखतमा मृगको उफ्राईलाई उसको शिकार पश्चात् खुशीमा उ त्यसरी नै नृत्य गऱ्यो आजभोलि युट्युबमा गोरिल्लाले मानिसको नक्कल गरेको रिलहरू निकै हेर्न पाईन्छ। ३०, ४०हजार वर्ष पहिले त्यही स्थिति थियो। कलामा वर्गीय पक्षधरताको कुरा यसरी व्याख्या गरिएको छ। "कलामा यथार्थताको प्रतिबिम्बनको विषय तथा रूप त्यसको विशिष्ट कार्यलाई निर्धारित गर्दछ। यस कार्यले(प्रकाशित कृतिहरू)मानिसलाई आनन्दित तुल्याउनु, तथा सुखानुभुति पैदागर्नु, उनीहरूलाई आत्मिक दृष्टिबाट समृद्ध बनाउनु र उनीहरूमा यस्तो कलाकार जगाउन सकोस, जसले आफ्नो कार्यकलापद्वारा सौन्दर्यको क्षेत्रमा त्यसको नियम अनुसार श्रृजन गर्दै बिचार क्षेत्रलाई बिस्तार गरोस्।"

मार्क्सले साहित्य र कलामा वर्गीय पक्षधरतामा निकै जोड दिएका छन्। लेनिनले त्यसको बारेमा यसरी व्याख्या गरेका छन् : "यो एउटा स्वतन्त्र साहित्य हुनेछ। त्यसमा समाजवादको विचार र मेहनतकस जनताहरूप्रति सहानुभूतिको भावना हुनेछ न कि लोभ, र क्यारियरवादी विचार। जसले नयाँ शक्तिहरूलाई आफ्नो पङ्तिमा ल्याई रहनेछन्। त्यसरी यो एउटा स्वतन्त्र साहित्य हुनेछ।" उनले अगाडि लेखेकाछन् -"जनपक्षीय साहित्य र कला मुठ्ठीभर दसौं हजार उच्च वर्गकालागि होइन, लाखौं, करोडौं श्रमजीवी जनताहरूकोलागि लेखिनु पर्दछ। गैर पार्टी लेखक मुर्दावाद, लेखकहरू पार्टी संगठन मातहत रहनु पर्दछ। अखबार पार्टी संगठनको मुखपत्र बन्नु पर्दछ र लेखकले लेखिहाल्छन्, पाठकले पढिहाल्छन् भन्ने सोचाई गलत छ।" भनेर लेखकलाई सचेत बनाउने काम गरेका छन्। जतिबेला सोवियत संघमा क्रान्तिकारी आन्दोलन उत्कर्षमा थियो, त्यो बेला कलाकारहरूले सडकनाटक मार्फत जनतालाई उद्वेलित र उत्साहित बनाउन अस्पतालमा समेत घाइतेहरूलाई सडकनाटक मंचन गरेर देखाएका थिए। सर्वहारा साहित्यका सम्बन्धमा लेनिन अगाडि लेख्छन् "सर्वहारा साहित्य उनीहरूको एक अंग बन्नुपर्छ, एक अखण्ड र महानकार्य समाजवादी र जनवादी मेसिनको दाँत र पेंच बन्नुपर्छ। जसको परिचालन क्रान्तिकारी पार्टीले गर्नु पर्दछ।"

साहित्य र कलाबारे माओत्सेतुङले येनानमा दिएको प्रशिक्षणात्मक विचार विश्व प्रसिद्ध छ र त्यो जनपक्षीय साहित्य कलासँग जोडिएको सैद्धान्तिक पक्षको कोसे ढुङ्गा हो र क्रान्तिकारी साहित्यकार तथा कलाकारहरूलाई एक मार्ग दर्शन। माओद्वारा संचालन गरिएको सर्वहारा सास्कृतिक क्रान्ति त एउटा नयाँ बैचारिक आधारनैभयो। माओले येनान गोष्ठीमा साहित्य र कलाकाबारेमा विसद व्याख्या गरेकाछन्। त्यसबारे संक्षेपमा यहाँ चर्चा गर्नु प्रसांगिक हुनेछ। उनले क्रान्तिकारी आन्दोलनमा विभिन्न मोर्चाहरू जस्तै कलमको पनि एउटा सशक्त र बलियो मोर्चा हुनुपर्छ। अन्यथा क्रान्तिमा विजय हासिल गर्न सकिने सम्भावना रहने छैन भनेकाछन्। आजको दिनमा त्यो कुरा झन् बढी लागू हुनेछ। कलमको मोर्चाले कसरी काम गर्ने , भन्ने संदर्भमा लेखक, कलाकारहरूले ध्यान दिनुपर्ने कुरा मध्ये उनले बुँदागत रूपमा केही कुराहरू समस्याका रूपमा बताएका छन्।

*१- लेखक कलाकारको वर्ग दृष्टिविन्दुको समस्या*

*२- सही बाटो पहिचानको समस्या*

*३- पाठक दर्शकको समस्या*

*४- कार्य प्रणालीको समस्या*

*५- अध्ययनको समस्या*

माओले भनेका छन् कि-लेखक कलाकारले कुनै रेसमी रूमालमा फुलबुट्टा भर्ने होइन, बरू लाखौं करोडौं श्रमजीवी वर्गलाई कला र साहित्य मार्फत सेवा गर्नु पर्दछ। यस्तो सेवा जसरी हामीले जाडो याममा जाडोबाट बच्न दाउरालाई ईन्धन बनाएर त्यसलाई बालेर आगोबाट न्यानो प्राप्त गर्दछौं र जाडोबाट जोगिन्छौं। एवम् रितले जनतालाई जनपक्षीय साहित्यकार र कलाकर्मीले उनीहरूलाई स्पष्ट दृष्टिकोण सहितको मनोरञ्जनको साथै वर्तमान समस्यासँग संघर्ष गर्ने उर्जा प्रदान गर्ने प्रकारका सन्देश दिने प्रयत्न गर्नु पर्दछ। आज विश्वव्यापी रूपमा र स्वयम् हाम्रो देशमा पनि कला कलाकालागि र साहित्य केवल यथार्थपरक हुनुपर्छ, त्यहाँ विचारको कुनै स्थान छैन भनेर रूवाबासी पनि चलिरहेकै छ। आज उनीहरूले जनता माथि जुन हैकम चलाई रहेकाछन् र त्यसले अस्थाई रूपमा भए पनि भ्रम सृजना गरिरहेका छन् र बाहिरबाट हेर्दा उनीहरू सफल बन्दै गएको पनि भान पर्न सक्छ। तर त्यो अस्थायी र क्षणिक कुराहो। एकदिन सम्पूर्ण श्रमजीवी सर्वहारा वर्गले यो कुरा बुझ्ने छन् र आफ्नो हककोलागि जुरमुराएर उठनेछन् र संघर्ष गरेर प्रतिकृयावादी तथा साम्राज्यवादी सत्तालाई धरासायी बनाउने छन्।

क्रान्तिकारी साहित्य लेखनमा महारथ हासिल गरेका आमा उपन्यासका रचयिता विश्व विख्यात साहित्यकार मेक्सिम गोर्कीले आफ्नो लेखन बारेमा प्रकाश पार्ने सन्दर्भमा एउटा महत्वपूर्ण लेख "मैले कसरी लेख्न सिकें"भन्ने लेखमा सविस्तार चर्चा गरेकाछन्। उनको उक्त लेख नयाँ सिकारू लेखकहरूलाई खोजेर पढ्नका लागि मैले अनुरोध गर्दछु। उक्त लेखमा धेरै कुराहरू बताएका छन्, जसलाई यस लेखमा समावेश गर्न सम्भव छैन र पनि एउटामात्र महत्वपूर्ण कुरा जसमा उनले यो भनेका छन् कि सर्वप्रथम लेखकले जुन विषयमा लेख्ने हो त्यस विषयसंग सम्बन्धित सामाग्रीहरूको मनग्य अध्ययन गर्नु पऱ्यो। अर्थात कथा लेख्नेले कथाहरू अध्यन गर्नु पऱ्यो। ती कथाहरू बुर्जुवा साहित्यकार देखि प्रगतिशील र क्रान्तिकारी सबै साहित्यकारका रचना र विदेशी भाषाका, आञ्चलिक भाषामा पनि छन् भने ती पनि पढ्नु पऱ्यो। यसरी लेखकले अध्ययनबाट र आफ्नो वरिपरिका घट्नाबाट साथै कुनै घटनाको प्रत्यक्षदर्शी बनेर प्राप्त कच्चा पदार्थबाट रचना निर्माण गर्न सकिन्छ, भन्ने कुरा बताएका छन्। यस सिलसिलामा हामीले नेपालका सर्जकहरूका रचनाहरूको गहिरो अध्ययनका साथै विश्व प्रसिद्ध प्रगतिशील तथा प्रगतिवादी केही सर्जकहरूको नामावली सुझाउन चाहन्छु। गोर्की लुसुन, चेर्नेवस्की, दोस्तोवस्की, चेखब, टोल्सटोय, जोनरिड, ताओचिङ, बर्टोल्ड ब्रेख्त, राहुल सांकृत्यान, प्रेमचन्द, कात्यानी, आदि साहित्यकारका साथै मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन र माओका रचनाहरू बढी भन्दा बढी अध्ययन गर्न जरुरी छ। यसबाहेक हाम्रो देशका मुर्धन्य साहित्यकारहरू, प्रगतिशील तथा प्रगतिवादी साहित्यकारहरू र क्रान्तिकारी साहित्यकार र कलाकारका सृजनाहरू अध्ययन र श्रवण गर्न अनिवार्य छ।

विश्व साहित्यका क्रान्तिकारी कवि बर्टोल्ड ब्रेख्तले कविता लेखनमा आफ्नो अनुभव यसरी बताएकाछन्।'' अधिकांश सर्जकहरूको हकमा यो कुरा लागू हुन्छ कि भन्ने ठानेको छु भनेर उनी लेख्छन्। सर्जकलाई नयाँ रचनाको सृजना कति बेला हुन्छ भन्ने कुनै निश्चित समयावधि हुँदैन। तर उसले जुन विषयमा रचना सृजना गर्ने जमर्को गरेको छ त्यो विषयसँग सम्बन्धित कच्चा पदार्थको जोहो आफ्नो मन मस्तिष्कमा गरिरहेको छ भने उसको रचना उ हिड्ने बेला, कामको दौरानमा, पढ्ने बेला वा खेलकुदको बेला कहिलेकाहीँ त मध्यराति पनि त्यो विषयसँग सम्बन्धित कविता, गीत, गजलका दुई चार हरफ फुर्न सक्छन्। कथा, उपन्यास, नाटकआदिका संवाद आउन सक्छन्। त्यसकारण उनले थप के बताएका छन् भने "कुनै पनि श्रष्टाले २४ चौबिसै घण्टा आफ्नो खल्तीमा एउटा डायरी र कलम राख्नु पर्दछ।"

आज विज्ञानको प्रगतिले हामी कम्प्युटर, रोबोट, हुँदै एआइको जमानामा आईपुगेका छौं। अब त गीत, संगीत, श्रव्यदृश्यका सामाग्रीहरू पनि एआईले बनाई रहेकोछ। यसले सामाजिक संजालमार्फत निकै धेरै भ्रम, असत्य कुरा, अश्लीलता, सामाजिक मूल्य मान्यतामा ह्रास, परिवारहरूमा विखण्डन, अराजकता, हिंसामा जोड, भ्रष्टाचार, नैतिक मुल्य विघटन, आदि तीव्र रूपमा बढिरहेकोछ। यसको ठीक विपरीत हामीले आफुलाई परिश्रमी बनाउंदै सही क्रान्तिकारी, वैज्ञानिक जनपक्षीय विचारलाई अगाडि बढाउने निकै ठूलो अवसर छ। जसलाई जेनजीहरूले भाद्र २३ गते प्रयोग गरे। हामीहरूले त्यो किन नगर्ने ? वास्तवमा आज हामी टेक्नोलोजीको प्रयोगको क्षेत्रमा निकै पछाडि छौं।

अबका दिनमा हामी सम्पूर्ण बुर्जुवा तथा पुँजीवादी साहित्यकार र कलाकारहरूसँग अथाह साधन श्रोत छ र उनीहरू कलाको क्षेत्रमा निकै अगाडि छन् तर उनीहरूसँग कच्चा पदार्थको अभाव छ वा भनौं उनीहरूलाई त्यो त्यति खाँचो नै छैन। त्यसकारण उनीहरूका सृजनाहरूमा उहीँ पुरानो घिसेपिटेका कथा वस्तुहरू हुन्छन्। जनपक्षीय साहित्यकार र कलाकारसँग लाखौं करोडौं जनताका भोगाईहरू छन्, उनीहरूका सपनाहरू छन्, राष्ट्रको पीडा हाम्रो हृदय भरि भरिएको छ, भ्रष्टाचार, महंगी, बेरोजगारी, विदेश पलायन, उँच नीच, भेदभाव, महिलामाथिको व्यभिचार आदि विषयहरू जति पनि छन्। यी विषयमा हामी साहित्यकार र कलाकारहरूले आफ्नो सीप लगाएर विभिन्न रचना निर्माण गरेर जनता माझ लिएर जाऔं र जनतामा नयाँ क्रान्तिकारी चेतना जागृत गरौं साहित्य र कला निर्माण कार्यमा पनि हामीले निकै कठिन परिश्रम गर्न जरुरी छ। माओले घिसेपिटे लेखन कार्यको विरोध गरेकाछन्।

हाम्रो साहित्य यस्तो नहोस् कुनै डाक्टरले औषधिको नयाँ नयाँ पर्चा मात्र लेखिरहने तर त्यो पर्चाको औषधि खाएर बिरामी सञ्चो भए नभएको कुनै हेक्का नराख्ने। अहिले नयाँ टेक्नोलोजीले हाम्रो सामुन्ने चुनौतिको पहाड नै उभिएको जस्तो भान पर्दछ। तर क्रान्तिकारी आन्दोलन अगाडि बढने संभावना पनि त्यत्तिकै प्रबल छ। त्यसकारण हामी सचेततापुर्वक सक्रिय बनेर आफ्नो सिपलाई प्रयोग गरेर आन्दोलनलाई उचाइमा पुऱ्याउने प्रयत्न गरौं।

# नई पुरस्कार अस्वीकारको घोषणा

काठमाडौं। नरेन्द्रराज प्रसाइँ तथा ईन्दिरा प्रसाईंद्वारा स्थापित नई प्रकासनले प्रा.डा. ताराकान्त पाण्डेयलाई मरणोप्रान्त पुरस्कृत गर्ने समाचार आज बाहिरिएपछि उक्त पुरस्कारबारे ताराकान्तकी जीवन सङ्गिनी प्रगतिवादी कवि तथा आख्यानकार शीला योगीले एक वक्तव्य प्रकाशित गरी अस्वीकार गर्ने जानकारी गराउनुभएको छ। उहाँले मुलबाटोलाई प्रेसित गरेको वक्तव्यमा "नई प्रकाशन संस्थाद्वारा प्रा.डा. ताराकान्त पाण्डेयलाई मरणोपरान्त नई पुरस्कारबाट सम्मानित गरिने भन्ने समाचारले म र मेरो परिवार तथा उहाँ सम्बद्ध सङ्घ/संस्था आश्चर्यचकित भएका छौं।" भनिएको छ।



सो वक्तव्यमा ताराकान्त पाण्डेयले जीवनभर मार्क्सवादी साहित्य-कला तथा संस्कृति चिन्तनमा लाग्नुभएको जनाउँदै यसखाले पुरस्कारले स्वयम् ताराकान्तको व्यक्तित्वको अपमान हुने वताइएको छ। वक्तव्यमा अगाडि भनिएको छ- "स्मरणीय छ, प्रा.डा. ताराकान्त पाण्डेय नेपालको कम्युनिस्ट तथा गणतान्त्रिक सङ्घर्ष र सांस्कृतिक वैचारिक रूपान्तरणमा क्रियाशील एवम् प्राज्ञिक अनुसन्धानमा सक्रिय र जनवादी, वैज्ञानिक समाजवादी तथा साम्यवादी आस्थामा दृढ, प्रतिबद्ध र सर्वहारा मानवतावादी सौन्दर्य शास्त्रका व्याख्याता हुनुहुन्थ्यो। उहाँ एकजना मालेमावादी सौन्दर्य चिन्तक र समालोचकका रूपमा स्थापित व्यक्तित्व हुनुका सम्बन्धले त्यस खाले पुरस्कारद्वारा दुषित गरिनु उहाँको अपमान हुन्छ भन्ने हामी र उहाँसंलग्न संस्थालाई लागेको हुनाले म र मेरो परिवारले उक्त पुरस्कार अस्वीकार गर्ने कुरा सम्बद्ध संस्थालाई जानकारी गराउन चाहन्छौं।"

प्रस्तुत समाचारका सम्वन्धमा ताराकान्त पाण्डेय संस्थापक सदस्यसचिव रहनुभएको र मृत्युका समयमा सो संस्थाको अध्यक्षसमेत रहनुभएका इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष एवम् अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय संयोजक समेत रहनुभएका हिरामणि दुःखीलाई नई प्रकाशनको उक्त निर्णय र शीला योगीको वक्तव्यका बारेमा यस अनलाइन सहकर्मीले सोध्दा उहाँले पनि अनधिकृत रूपमा परिवार र ताराकान्त सम्वद्ध रहनुभएको सङ्घ/संस्थाका कसैसँग पनि सोधपुछ नै नगरी गरिएको उक्त नियर्णय घोर आपत्तीजनक रहेको बताउनुभयो।

दुःखीले भन्नुभयो-"यदि यो पुरस्कारका बारेमा हामीसँग वा शीलाजीसँग सोधेको भए हामीले उतिवेला नै अस्वीकार गर्ने थियौँ। किनकि नई प्रकाशन संस्था र हाम्रो वैचारिक धारा भनेका विपरीत ध्रुव जस्तै हुन्। सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूले यस्ता पत्रु पुरस्कार थाप्दै हिंड्दैनन्। ताराकान्तको योगदानलाई बदनाम गर्न यस्तो पुरस्कार दिएर डाम्न खोजिएकोले नई प्रकाशन संस्थालाई आइन्दा यस्ता गलत निर्णय नगर्न सचेत गराउँछौं"

❑ यो साता कविता

## चुनाव (लोक छन्द)

❑ के.पी. भूसाल 'अजसभ'



*चुनावमा हुन्छन् सधैँ रमझम वस्ती,*
*गाउँघर डुल्छन् हेर नेताजीका गस्ती।*
*तिघ्रेलाई दशैं हुन्छ राम्रै गर्छन् मस्ती,*
*खादा माला जुटाउन झोलेलाई सास्ती।।*

*भाटिएका बाटा पनि धुलो उड्न थाले,*
*बोका ढल्न थाले पछि कस्ले गन्छ भालो।*
*सबैलाई आउनथाले भेटघाटका निम्ता,*
*दारू मासु खानलाई छैन केही चिन्ता।।*

*विकासका लहरले शिखर चुम्ने भए,*
*नोकरी र भत्ता मिल्दा हुन्छ सबको जय।*
*ढाँटछल हुँदैहुन्न मिठो पाए खानु,*
*पत्याउन नसक्नेले भाषण सुन्दैं जानु।।*

*नाच्न मिल्छ गाउन मिल्छ के के मिल्छ मिल्छ,*
*होटेलमा बस्न खान सित्तै ऐले मिल्छ।*
*नोट पनि मिल्छ अरे रासन पानी मिल्छ,*
*चिसो तातो खादैं डुल्न गाडी तेल मिल्छ।।*

*नाता पनि खोजी पत्तो उनै आफैं लाउँछन्,*
*टाढैं बाट हाँसि मुख दर्शनभेट गर्छन्।*
*भोटमाग्ने चुनावको नाता हुन्छ भिन्न,*
*भोटपाइ जितेपछि बोलचाल हुन्न।।*

*बन्छन् अरे स्वास्थ्य चौकी राम्रा राम्रा अनि,*
*कमी भए एउटै हुन्छ हुन्नन् डाक्टर भनी।*
*पढ्न मिल्छ उच्चशिक्षा हुनु छैन खिन्न।*
*अरु चिन्ता किन गर्नु पढ्ने कोही हुन्न।।*

*गाउँमा युवा बस्ने हैन जान्छन् खाडी तिर,*
*घर छाडी हिड्नेलाई कस्ले गर्छ पीर।*
*रेमिटेन्सका बाहक यिन्को गर्नै हुन्न पीर,*
*पीर मान्ने आमाबाबु लत्री बस्छन् थिर।।*

*उद्योगधन्दा धेरै थिए नेपालका छत्र,*
*नेपालीले गर्थेकाम आफ्नै देश भित्र।*
*समृद्धिको बिहानीले हेर्दै थियो तर,*
*धमिराको उदय सङ्गै हटे रोजगार।।*

*सारै बाठा नेपालका नेतागण हाम्रा,*
*भाषण मात्र गर्ने हैनन् गर्छन् कुरा राम्रा।*
*प्रजातन्त्र अफाप पार्न तोड्ने गर्छन् खोर,*
*आफैं झाँक्री आफैं बोक्सी छैन केही डर।।*

*समृद्धिका कुरा गर्दा जन्ता भन्थे जय,*
*बाचा पूरा गर्नलाई यिनलाई केको भय।*
*बाचा पूरा गरिहाले पुग्यो सोंच मन्कै,*
*समृद्धिको शिखर चुमे शाखा सन्तान् यिन्कै।।*

*कहिलेकाहीँ जन्मठाउँ गाउँघर डुल्छन्,*
*खादा माला लाउँदै हिड्छन् झोँजा पनि खान्छन्।*
*जस्ले जेजे भन्दा पनि बुन्छन् धेरै जाल,*
*आफ्नै तुम्मा भर्नलाई मान्थे के को जाल।।*

*दाजुभाइ नेपालकास्वदेश् छाडी हिन्दा,*
*रेमिटेन्स खानेहरु गर्थे के को चिन्ता।*
*चुनाब जति आयो उति भ्रष्टलाई चैन,*
*सिधासाधा नेपालीको सुधार आउने हैन।।*

## स्याल आउँदैछ

❑ श्याम बोहरा



*रङ्गीचङ्गी लयमा*
*कर्णप्रिय स्वरमा*
*सुन्दर बस्त्र धारण गरेर*
*मनै लोभ्याउने बाचा सुनाउँदै*
*जोश उराल्ने भाका सुनाउँदै*
*स्याल आउँदैछ*
*रफ्तार गतिमा*
*तिम्रो सुन्दर बस्तीमा*
*जस्ले निसहाय*
*कुखुराहरुलाई भनिरहेछ*
*आकाशमा हेर चील आयो*
*तिमी र तिम्रा चिचिलाहरुको काल आयो*
*तिमीहरु सुरक्षित हुने हौ भने*
*मसँग दौतरी गाँस*
*म तिम्रै जीवनरक्षाको गीत गाउँछु*
*मेरो वरिपरि छमछमी नाच*
*आउ प्रेमलाप गरौं*
*नयाँ सम्बन्ध गासौं*
*तिम्रो रक्षा र उन्नतिका लागि*
*म नै निर्विकल्प शक्ति हुँ*
*म नै सत्य न्याय र इमानको भक्ति हुँ*
*मेरा प्रत्येक शब्दमा ताली ठोक*
*अपराधी चीलहरुलाई गाली ठोक*
*मेरो आदर्श बोक*
*मेरो आदेश बोक*
*र, मेरा वाचाहरु घोक।*

*ओ अन्धभक्त मतिहिन*
*गतिहिन कुखुराहरु !*
*कर्णप्रिय गायक*
*सुन्दर वस्त्रधारी*
*मनै लोभ्याउने वाचाकारी स्यालको*
*मस्तिष्कमा अतिसय नीचता*
*कुरुपता र पाखण्डता छ*
*तर, उसको मुखमा*
*उसको वाचामा*
*अतिसय महानता*
*सुन्दरता र उदात्तता छ।*

*आकाशको पखेटा फिजाएर उड्ने*
*मांशहारी चील*
*तिम्रा लागि जति घातक छ*
*धर्तिमा चारखुट्टाले हिड्ने*
*अर्को भिन्न रुपको*
*मांशहारी स्याल पनि*
*कम्ता घातक छैन*
*कम हिंस्रक छैन र निकृष्ट खालको*
*कम कृतघ्न छैन।*

*चीलबाट भड्किएर*
*स्यालसँग लहसिनु*
*कुनै बुद्धिमानी होइन*
*कुनै विकल्प होइन*
*चील र स्याल*
*दुवै तिम्रा महाकाल*
*दुवैबाट बच्ने*
*जुन असल जुक्ति हो*
*त्यो तिमीले सोच्नै पर्छ*
*त्यस्तो मार्ग खोज्नै पर्छ*
*दुवैका विरुद्ध लड्नै पर्छ*
*जब लड्न छोड्छौ*
*तिमीहरु सबै मर्छौं मर्छौं*
*जहाँसम्म लडिरहन्छौ*
*त्यहाँसम्म निसन्देह बाँचिरहन्छौ।*

*रूँघा, रूकुम पश्चिम*

## नेपालमा...

चुनाव जनताको वालिग मताधिकार प्रयोग गरेर गरिएको थियो , तर दलविहीन चुनाव व्यक्तिगत उम्मेदवारीका आधारमा भएको थियो। २०४६ को राजनीतिक परिवर्तनपछिका चुनावहरू दलीय प्रतिस्पर्धाका आधारमा भए।

नेपालमा आधुनिक निर्वाचन प्रक्रियाको करिव ८ दशकको लामो इतिहास छ र निर्वाचन बहिष्कारको पनि इतिहास छ। यस लेखमा नेपालको निर्वाचन इतिहास सँगसँगै निर्वाचन बहिष्कारको इतिहासलाई स्मरण गर्ने प्रयास गरिएको छ।

***वैधानिक कानुन- २००४***

वि.सं. २००४ साल माघ १३ गते एक समारोहका बीच प्रधानमन्त्री पदम शम्सेरले नेपाल सरकार वैधानिक कानुन-२००४ घोषणा गरेका थिए। २००५ साल वैशाख १ गतेदेखि लागु हुने गरी जारी गरिएको यो ऐतिहासिक दस्तावेजमा संविधान भन्ने शब्द प्रयोग नभएको भए पनि नेपालको पहिलो लिखित संविधान मानिन्छ। (नेपालको निर्वाचन इतिहास-१, पृष्ठ १०७) नेपाल सरकार वैधानिक कानुन-२००४ ले निर्वाचन सम्बन्धी व्यवस्था गरेको थियो। जसमा निर्वाचन सम्बन्धी यस प्रकार व्यवस्था थियो। ५ देखि १५ जना उमेर पुगेका जनताको बोट(भोट) बाट निर्वाचित सदस्यहरूको ग्राम पंचायत बनाउने', शहरमा १० देखि ५० जनासम्म जननिर्वाचित 'नगर पंचायत' बनाउने, निर्वाचित नगरपंचायत सदस्यहरूबाट आ-आफ्नो प्रधानपञ्च पनि निर्वाचित गर्ने, तिनीहरूकै बीचबाट जिल्ला पंचायतको पनि व्यवस्था गर्ने भनिएको थियो। व्यवस्थापिकाको तल्लो सदनको रूपमा रहेको राष्ट्र सभामा निर्वाचित ४२ जना र मनोनित २८ जना हुनुपर्ने व्यवस्था गरिएको थियो। ३२ जिल्लाका जिल्ला प्रधानपञ्चहरू, काठमाडौं, ललितपुर, भक्तपुर र वीरगन्जका एक एक नगर प्रधानपञ्चहरू, साहु महाजनले छानेको १, लेखपढ गर्न जानेकाले छानेको २, सरकारी कर्मचारीले छानेको १ र श्रमजीविले छानेको १ गरी जम्मा ४२ जना र श्री ३ बाट मनोनित २८ गरी जम्मा ७० जनासम्मको राष्ट्रसभा बनाउने व्यवस्था गरिएको थियो। (नेपालको निर्वाचन इतिहास -१, पृष्ठ -१०७-१०८)

***नेपालको अन्तरिम शासन विधान-२००७***

२००७ साल फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको घोषणा गरिएको थियो। २००७ साल चैत्र २९ गते राजा त्रिभुवनले नेपाल अन्तरिम शासन विधान, २००७ जारी गरेका थिए।(नेपालको निर्वाचन इतिहास -१, पृष्ठ १०८) शब्दमा अन्तरिम शासन विधान लेखिए पनि नेपालको संवैधानिक इतिहासमा यस दस्तावेजलाई दोस्रो लिखित संविधान मानिन्छ। त्यस अन्तरिम शासन विधानको धारा ६८ मा २ वर्ष भित्रमा विधानसभाको निर्वाचन गर्ने र जननिर्वाचित विधानसभा बनाई विधानसभाबाट नयाँ संविधान बनाउने भनिएको थियो। चुनाव गराउनुको सट्टा राजा त्रिभुवनले २००९ मा नै विधानमा परिवर्तन गरी कार्यकारिणी अधिकार आफ्नो हातमा लिएका थिए। विधानसभाको निर्वाचन टार्दै गए र २०११ मा उनको मृत्यु भएपछि उनका छोरा महेन्द्रले विधानसभाको निर्वाचन (संविधानसभाको निर्वाचन) को सट्टा २०१५ सालमा संविधान निर्माण आयोग बनाई आयोगले बनाएको संविधान अन्तर्गत संसदको निर्वाचन गराएका थिए।

***काठमाडौं म्युनिसियालिटी निर्वाचन (वि.सं. २००४)***

२००४ साल जेष्ठ २९ गतेका दिन सर्वप्रथम काठमाडौंका शहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफै छान्नका लागि मताधिकारको प्रयोग गरी प्रतिनिधि छानेका थिए। त्यसबेला काठमाडौंमा निर्वाचित म्युनिसिपलिटि खडा भएको थियो। नेपालको निर्वाचन इतिहासमा यस निर्वाचनलाई हालसम्मकै पहिलो र ऐतिहासिक निर्वाचनका रूपमा लिइन्छ। त्यस निर्वाचनमा २१ वर्ष नाघिसकेका लोग्ने मानिसहरूले मात्र भोट हाल्न पाउने अधिकार थियो। महिलाहरूले भोट हाल्न पाउनु पर्दछ भनेर श्री ३ पदम शमसेर समक्ष माग गरे पनि महिलाहरू मताधिकारबाट बञ्चित भएका थिए। जसमा ६८,११८ मतदाता थिए। २५ वर्ष पुगेकालाई मात्र उम्मेदवार बन्न पाउने व्यवस्था थियो। प्रत्येक उम्मेदवारका अलग अलग ढ्वाङ थिए। खुला ठाउँमा ढ्वाङ राखिएकाले कुन मतदाताले कसलाई मत हाल्यो भन्ने हेर्ने मान्छेले थाहा पाउँथ्यो। भोलि खसालिने मतपत्र पहिलै दिन घर घरै पुऱ्याइएको थियो। भुवनलाल प्रधान वडा नं. २१ बाट निर्विरोध निर्वाचित भएका थिए। भक्तपुर र ललितपुरमा पनि २००४ सालमै नगरपालिकाको निर्वाचन भएको थियो। भक्तपुरको १० र ललितपुरको १२ जना जनप्रतिनिधि थिए। (नेपालको निर्वाचन इतिहास भाग १, पृष्ठ १५३-१५५)

***काठमाडौं नगर निर्वाचन (२०१० साल फागुन)***

अन्तरिम शासन विधान २००७ को धारा ४४ ले निर्वाचन आयोगको गठन गर्ने व्यवस्था गरेको थियो। नगरपालिका ऐन अनुसार २१ वर्ष उमेर पुगेका काठमाडौं नगरवासीले चुनावमा भाग लिएका थिए।काठमाडौं नगरपालिकाको त्यस निर्वाचनमा कुल ५६ हजार मतदाता थिए। १८ वडामा विभाजित त्यस निर्वाचनमा ५३ प्रतिशत मतदाताले मताधिकारको प्रयोग गरेका थिए। वडा नं. ८ बाट १ हजार २७ मत प्राप्त गरी विजयी हुने नेपालको पहिलो निर्वाचित महिला जनप्रतिनिधि शाधना प्रधान हुन्। त्यस चुनावका बेला कम्युनिस्ट पार्टीलाई मातृका सरकारले प्रतिबन्धित गरेको हुँदा नेकपाका उम्मेदवारहरू स्वतन्त्र रूपमा उठेका थिए। जनकमान श्रेष्ठ, साधना प्रधान, प्रचण्ड नरसिंह राणा, अमिरबहादुर सिंह, गोपालेश्वरानन्द र घनानाथ उपाध्याय नेकपाका जननिर्वाचित प्रतिनिधि थिए। (मिश्र, २०६०, पृष्ठ ११५-११६)

***नगरपालिका निर्वाचन-२०१४***

प्रत्येक ४ वर्षमा गर्ने भनिएको नगरपालिका निर्वाचन २०१४ सालमा सम्पन्न भएको थियो। प्रत्येक वडाबाट १८ जना सदस्य चुनिएर, ती मध्येबाट काठमाडौं नगरपालिकाको सभापति र उपसभापति छान्ने व्यवस्था थियो। ललितपुर र भक्तपुर नगरपालिकामा पनि निर्वाचन भएको थियो।

***पहिलो संसदीय निर्वाचन २०१५***

२०१५ साल फागुन ७ गतेबाट निर्वाचन प्रारम्भ भई विभिन्न चरणमा चैत्र २८ गतेसम्म गरी ४५ दिनमा उक्त चुनाव सम्पन्न भएको थियो। अन्तिम निर्वाचन मत परिणाम २०१६ साल वैशाख १८ गते घोषणा गरिएको थियो। २०१५ को संविधानले दुई सदनको व्यवस्था गरेको थियो। तल्लो सदन प्रनिनिधिसभामा प्रत्यक्ष निर्वाचित भएर जाने १०९ जना थिए भने माथिल्लो सदन महासभामा ३६ जना थिए। जसमध्ये १८ जना प्रतिनिधिसभाबाट मनोनित हुने र १८ जना राजाबाट मनोनित हुने व्यवस्था थियो। त्यस आम निर्वाचनमा कुल मतदाता ४२,४६,४६८ थिए। जम्मा ४२.१८५ प्रतिशत मतदाताहरूले मात्र मतदान गरेका थिए।

***राष्ट्रिय जनमत संग्रह - २०३७***

२०३५ साल चैत्र २२ गते (४ अप्रिल १९७९) मा पाकिस्तानका भूतपूर्व प्रधानमन्त्री जुल्फिकर अलिभुट्टोलाई रावलपीण्डिस्थित एक जेलमा फाँसी दिइयो। चैत्र २४ गते भुट्टोलाई फाँसी दिएको विरोधमा काठमाडौंका विभिन्न क्याम्पसका विद्यार्थीहरूको एक जुलुसले तत्कालीन पाकिस्तानी राष्ट्रपति जनरल जियाउल हक्का विरुद्धमा नारा लगाउँदै लैनचौरस्थित पाकिस्तानी दुतावासमा विरोधपत्र दिन जाँदा प्रदर्शनकारी र प्रहरीका बीचमा भीडन्त भयो। चैत्र २५ देखि विद्यार्थी हडताल शुरु भयो। आन्दोलन लम्बिँदै जाँदा त्रिभुवन विश्वविद्यालयले स्थिति अझै तनावपूर्ण बन्ने स म्भावना भन्दै २०३६ वैशाख २ देखि ७ गते सम्म उपत्यका भित्रका क्याम्पसहरू बन्द गर्ने घोषणा गऱ्यो। आन्दोलनले अझ उग्ररूप लिंदै गएपछि राजा बीरेन्द्रले २०३६ साल जेष्ठ १० गते विहान ६:४५ बजे वालिग मताधिकारको आधारमा जनमत संग्रह घोषणा गरे।

२०३७ साल वैशाख-जेष्ठमा जनमत संग्रह भयो। २१ वर्ष पूरा भएकाहरूको नाम संकलन गरिएको थियो। जनमत संग्रहका लागि कुल मतदाता संख्या ७१ लाख ९२ हजार ४ सय ५१ ठेगान गरिएको थियो। जसमध्ये ४८ लाख १३ हजार ४ सय ८६ (६६.९२५ प्रतिशत ) मत खसे, खसेको मत मध्ये ३ लाख ७२ हजार ६९ (७.६३५० ) प्रतिशत बदर भएको, बहुदलीय शासन व्यवस्थाको पक्षमा कुल मत २० लाख ७ हजार ९ सय ६५ (४५.२१५ प्रतिशत) र सुधारिएको पंचायती व्यवस्थाको पक्षमा कुल मत २४ लाख ३३ हजार ४ सय ५२ (५४.७९५ प्रतिशत) मत खसी सुधारिएको पंचायती व्यवस्था विजय प्राप्त गरेको घोषणा गरिएको थियो।

२०३६ सालमा राजाले घोषणा गरेको जनमत संग्रहलाई नेकपा (चौथो महाधिवेशन धार) पक्षले बहिष्कार गर्ने निर्णय गरेको थियो। तर निर्वाचन हुन करिव २ महिना बाँकी रहँदा जनमत संग्रहलाई उपयोग गर्ने निर्णय गरेको थियो। तर उपयोग गर्ने निर्णय गरेको भएपनि जनतामा बहुदलको पक्षमा प्रचार गर्ने समय निकै कम भएको थियो। राम्रोसँग प्रचार गर्न पाएनन्। नेकपा (माले) ले २०३७ को जनमत संग्रहलाई बहिष्कार गरेको थियो। नेकपाको विभिन्न समूहले जनमत संग्रहका लागि ५ वटा शर्त राखेका थिए। यदि ती शर्त पूरा हुन्छन् भने जनमत संग्रहमा भाग लिने पक्षमा नेकपा (माले) थियो। राजाले ती शर्तहरू पनि स्वीकार नगरेको हुँदा नेकपा (माले) ले जनमत संग्रह बहिष्कार गरेको थियो। तर नेका नेता विपी कोइरालाले "विद्यमान राष्ट्रिय संकटको समाधानतर्फको यो एउटा गहकिलो कदमसिद्ध भएको छ।" भन्दै चुनावमा भाग लिएका थिए।

***राष्ट्रिय पंचायत सदस्य निर्वाचन - २०३८***

२०३७ सालको जनमत संग्रहपछि नेपालको संविधान २०१९ मा तेस्रो संशोधन गरियो। निर्दलीय पंचायती व्यवस्थामा वालिग मताधिकारका आधारमा राष्ट्रिय पंचायत सदस्यको निर्वाचन २०३८ साल वैशाख २७ गते पहिलो पटक सम्पन्न भएको थियो। ११२ जना राष्ट्रिय पंचायत सदस्यहरू (माननीयहरू) प्रत्यक्ष जनताबाट चुनिएका थिए भने २८ जना राजाले मनोनित गरेका थिए। २०३८ सालको आषाढमा अयोध्यामा सम्पन्न नेकपाको चौथो केन्द्रीय समितिको पहिलो विस्तारित बैठकमा महामन्त्री भक्तबहादुर श्रेष्ठद्वारा प्रस्तुत र पारित राजनीतिक प्रतिवेदनमा २०३८ सालको राष्ट्रिय पंचायतको निर्वाचन बहिष्कारको औचित्यबारे लेखिएको छ, "यस बहिष्कारको प्रमुख काम तानाशाही व्यवस्थाको विरुद्ध व्यापक जनमत तयार पार्नु, जनतालाई आन्दोलित पार्नु र यस व्यवस्थालाई जनताका सामु नंग्याउनु थियो।

जसले गर्दा भविष्यमा झन यसको विरुद्ध तीब्र संघर्ष चल्दै जानेछ। बहिष्कारको राजनीतिले यो काम गर्न एउटा सही क्रान्तिकारी दिशा समातेको छ। चुनावमा भाग लिई, जनतामा भ्रम पारी , भोट लिई विजय प्राप्त गर्नेहरूको पनि जनताबाट चाँडै मुखौटो उत्रिने छ। कनभने जनताका जल्दाबल्दा समस्याहरूको समाधान प्रतिक्रियावादी तानाशाही सरकारले गर्ने छैन।" नेकपा चौथो महाधिवेशन धार र नेकपा (माले) ले सँगसँगै "बहिष्कार सप्ताह" मनाउने ठेगान पनि गरेका थिए तर त्यो सहकार्यलाई व्यवहारिक रूप दिन सफल भएनन्। २०३८ सालको राष्ट्रिय पंचायतको चुनावमा चौथो महाधिवेशन पक्षले गरेको निर्वाचन बहिष्कार रोल्पाको थवाङका जनताले मतपेटिकालाई नै शुन्य (०) बनाइदिएका थिए। त्यो अभूतपूर्व कीर्तिमानी बहिष्कारबाट पंचायती शासकहरू क्रुद्ध भएर थवाङ्गी जनतालाई अनेकौं दुःख दिए। २०३८ साल कार्तिक ४ गते ५०० प्रहरीले गाउँ घेराहाली कुटपिट, सेनाले जंगल अपरेशन, ठूलो दमन सहनु परेको थियो। रोकामगर (२०६८ ) पृ.११) तब त लेखराज रेग्मीले गीत सिर्जना गरेका थिए, "त्यो काख जलजलाको फौजी परेड खेल्छ, चिङकाङ जस्तै यो बस्ती अडिग भइरहन्छ।"जीवन शर्माले स्वर र संगीत दिएका थिए।

***राष्ट्रिय पंचायत सदस्य निर्वाचन - २०४३***

निर्दलीय पंचायती व्यवस्थामा वालिग मताधिकारका आधारमा राष्ट्रिय पंचायत सदस्यको दोस्रो निर्वाचन २०४३ वैशाख २९ गते ७३ जिल्लामा, जेष्ठ ५ गते स्याङ्जा जिल्लामा र जेष्ठ १२ गते कास्की जिल्लामा निर्वाचन सम्पन्न भएको थियो। मतदान गर्न पाउने उमेर २१ वर्ष र उम्मेदवार हुन पाउने उमेर २५ वर्ष तोकिएको थियो। त्यस निर्वाचनमा १११ जना प्रत्यक्ष जनताबाट चुनिएका थिए भने राजाबाट २५ जना राष्ट्रिय पंचायत सदस्य मनोनित भएका थिए।

२०४३ सालको राष्ट्रिय पंचायतको चुनावलाई नेकपा (मसाल) र नेकपा (मशाल) ले बहिष्कार गरेका थिए। २०३७ को जनमत संग्रह र २०३८ को राष्ट्रिय पंचायत बहिष्कार गरेको नेकपा (माले) पनि चुनाव उपयोगमा गएको थियो। २०४३ साल को चुनाव बहिष्कारको पक्षमा नेकपा (मसाल) समर्थित अखिल भारत नेपाली समाजले दिल्लीमा गरेको प्रदर्शनमा दर्जनौं घाइते भए। ९० भन्दा बढीलाई गिरफ्तार गरी मुद्दा चलाइएको थियो।

पंचायतकालमा गाउँ पंचायत, नगर पंचायतका चुनावहरूलाई राजनीतिक दलहरूले बहिष्कार गरेका थिए। तर दलहरूको बहिष्कार २०२० को दशकभरी खासै प्रभावकारी भएनन् किनभने नेका, नेकपा जस्ता दलका कैयौं नेताहरू जेलमा रहेको, कैयौं नेताहरू देश छाडेर भागेको स्थिति, दलका कैयौं नेताहरू पंचायत पसेको अवस्था र अझ त्यसमा पनि पार्टीहरू भित्र चरम निराशा, फुट विभाजनको अवस्था भएकाले बहिष्कार भनिए पनि ती चुनावहरू प्रभावकारी रहेनन्। त्यस स्थितिमा पार्टीप्रति आस्था राख्ने व्यक्तिहरू पनि पंचायतका विभिन्न तहमा निर्वाचित भएका थिए। उदाहरणका लागि नेकपा मै आबद्ध प्यूठान नारीकोटका खगुलाल गुरुङ र बागलुङ दुदिलाभाटीका पितम्बर राना प्रधानपञ्च निर्वाचित भएर काम गरेका थिए। तर उनीहरूले कम्युनिस्ट पार्टीलाई सहयोग गर्दथे। २०३० को दशकको मध्यतिर राजनीतिक दलहरू सुदृढ हुँदै गएपछि विस्तारै निर्वाचन बहिष्कार प्रभावकारी भएको पाइन्छ।

***प्रतिनिधिसभा सदस्य निर्वाचन-२०४८***

नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रतिनिधिसभा र राष्ट्रिसभा गरी दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो। जसमा वालिग मताधिकारका आधारमा जनताबाट प्रत्यक्ष निर्वाचित हुने २०५ जनाको प्रतिनिधिसभा र अर्कोतर्फ प्रतिनिधि सभाले निर्वातित गरेका ३५ जना, स्थानीय तहले निर्वाचित गरेका हरेक विकास क्षेत्रबाट ३ जनाका दरले ५ विकास क्षेत्रबाट जम्मा १५ जना, राजाबाट मनोनित १० जना गरी जम्मा ६० जनाको राष्ट्रिय सभाको व्यवस्था गरेको थियो।

२०४८ वैशाख २९ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको थियो। कुल मतदाता संख्या १ करोड ११ लाख ९१ हजार ७ सय ७७, खसेको मत प्रतिशत ६५.१५ प्रतिशत, सदर मत ९५.५८ प्रतिशत थियो। त्यस निर्वाचनमा नेपाली कांग्रेस ११०, नेकपा (एमाले) ६९, संयुक्त मोर्चा ९, नेपाल सद्भावना पार्टी ६, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) ३, नेपाल मजदुर किसान पार्टी २, नेपाल कम्युनिस्ट पार्टी (प्र.) २, राष्ट्रिय प्रजातन्त्र पार्टी .(थापा) १, स्वतन्त्र ३ गरी जम्मा २०५।

संसदको चुनाव हैन, संविधानसभाको चुनाव गर्नुपर्दछ भन्ने माग र "सार्वभौमसत्ता राजाबाट जनतामा हस्तान्तरण गर्नुपर्दछ।" भन्ने मूल नारा सहित नेकपा (मसाल) ले २०४८ को संसदीय निर्वाचन बहिष्कार गरेको थियो। त्यस बहिष्कारमा प्यूठान दाङवाङका जनताले दाङवाङका दुई ठाउँका बुथ कब्जा गरी मतपेटिका सहित सम्पूर्ण निर्वाचन सामग्री उठाएर नारा जुलुश गर्दै राप्ती नदी तरेर अर्घाखाँची तिर अगाडि बढेका थिए। अर्घाखाँचीको खिल्जी असुरकोट कब्जा गर्न हिंडेका टोली मध्ये सेनाले दुई जनालाई कब्जा गरी सन्धिखर्क लगेको थियो। बागलुङको रिघामा मतपेटिका कब्जा गरी भीरबाट पल्टाइदिएका थिए। मसालको प्रभाव भएका ठाउँहरूमा मतदान स्थल नजिक नेपाली सेनाका क्याम्पहरू खडा गरिएको थियो। रेडियो नेपालले निर्वाचन परिणाम घोषणा गर्ने बेलामा बागलुङ, प्यूठान.... मा "नेकपा मसालको निर्वाचन बहिष्कारको आंशिक प्रभाव परेको" उल्लेख गरेको थियो।

***प्रतिनिधिसभाको मध्यावधि निर्वाचन - २०५१***

२०५१ कार्तिक २९ गते मध्यावधि निर्वाचन सम्पन्न भएको थियो। जसमा कुल मतदाता संख्या १ करोड २३ लाख २७ हजार ३ सय २९, जसमध्ये खसेको मत प्रतिशत ६१.८६ प्रतिशत, सदरमत ९६.८४ प्रतिशत थियो। त्यस निर्वाचनमा नेकपा (एमाले) ८८, नेपाली कांग्रेस ८३, राष्ट्रिय प्रजातन्त्र पार्टी २०, नेपाल मजदुर किसान पार्टी ४, नेपाल सद्भावना पार्टी ३ र स्वतन्त्र ७ विजयी भएका थिए । ७ जना भित्र २ जना नेकपा (मसाल)का तर्फबाट स्वतन्त्र उम्मेदवार पनि थिए।

२०४७ मापाँच वटा पार्टी मिली बनेको नेकपा (एकताकेन्द्र) २०५१ मा विभाजित भएर दुईवटा एकताकेन्द्र बन्यो। जसमध्ये एउटा एकताकेन्द्रले पार्टीको नाम बदलेर नेकपा (माओवादी) बनायो। नेकपा (माओवादी) ले २०५१ को मध्यावधि निर्वाचन बहिष्कार गरेको थियो।

***प्रतिनिधिसभा सदस्य निर्वाचन -२०५६***

२०५६ वैशाख २० र जेष्ठ ३ गते गरी २ चरणमा यो निर्वाचन सम्पन्न भएको थियो। यस निर्वाचनमा कुल मतदाता संख्या १ करोड ३५ लाख १८ हजार ८ सय ३९, खसेको मत ६५.७९ प्रतिशत, सदर मत ९७.२५ प्रतिशत रहेको थियो।

त्यस निर्वाचनमा नेपाली कांग्रेस १११,नेकपा (एमाले) ७१, राष्ट्रिय प्रजातन्त्र पार्टी ११, नेपाल सद्भावना पार्टी ५, राष्ट्रिय जनमोर्चा ५, नेपाल मजदुर किसान पार्टी १, संयुक्त जनमोर्चा नेपाल १ र स्वतन्त्र ० थिए।

नेकपा (माओवादी) को "ऐतिहासिक जनयुद्धको पाँचौं योजना" मा २०५६ को संसदीय निर्वाचनको मूल्यांकन गर्दै लेखिएको छ-"दीर्घकालीन जनयुद्धको वर्तमान चरणमा एउटा बहिष्कार आन्दोलन निर्णायक हुन सक्दैन र त्यो कथित निर्वाचन अघि र पछि पनि आफ्नै योजना अनुसार जनयुद्ध अघि बढिरहने छ। " तत्कालीन देउवा सरकारले २०५९ कार्तिकमा संसदीय निर्वाचन गर्ने घोषणा गरेका भए तापनि २०५९ आश्विन १८ गतेको शाही घोषणाबाट त्यो निर्वाचन स्थगित गरिएको थियो।

***प्रतिगामी कालको नगर निर्वाचन-२०६२***

नगरपालिकाको निर्वाचन २०६२ माघ २६ मा सम्पन्न भएको थियो। त्यस नगर निर्वाचनमा ५८ वटा नगरपालिका मध्ये २२ वटा नगरपालिकाहरूका सबै पदहरूमा निर्विरोध निर्वाचन सम्पन्न भइसकेकाले २८ जिल्लाका ३६ वटा नगरपालिकाहरूमा निर्वाचन भएको थियो। नेकपा (माओवादी) जनयुद्धमै भएकाले चुनावमा आएन। नेका, एमाले, जनमोर्चा नेपाल, नेमकिपा लगायत सबै पार्टीले बहिष्कार गरेका थिए।

***संविधानसभा निर्वाचन - २०६४***

नेपालको अन्तरिम संविधान -२०६३ धारा ६३ उपधारा ३ मा संविधानसभाको व्यवस्था गरिएको थियो। पहिलो हुने निर्वाचित हुने २०५ निर्वाचन क्षेत्रबाट र समानुपातिक तर्फबाट २०४ र तथा मनोनित १६ जना गरी ४२५ रहेको संविधान सभाको व्यवस्था गरेको थियो। २०६३ जेष्ठमा गर्ने भनिएको निर्वाचन २०६४ मंसिरमा सारियो र मंसिरबाट पनि सारेर २०६४ चैत्रमा पुऱ्याइयो। दोस्रो पटक अन्तरिम संविधान संशोधन गरेर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने २४० बाट बढाएर ३३५ पुऱ्याइयो, मन्त्री परिषद्बाट मनोनित हुने १६ बाट बढाएर २६ पुऱ्याइयो , त्यसरी प्रत्यक्ष तर्फबाट २४०, समानुपातिकबाट ३३५, मनोनित २६ गरी जम्मा ६०१ जनाको संविधानसभा गठन गर्ने व्यवस्था गरियो।

२०६४ साल चैत्र २८ गते संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भएको थियो। कुल मतदाता १ करोड ७६ लाख ११ हजार ८ सय ३२ रहेकोमा १ करोड ८ लाख ६६ हजार २३१ मत खसेको र ५ लाख ६० हजार ११ मत बदर भएको थियो।

***दोस्रो संविधान सभा निर्वाचन-२०७०***

२०७० साल मंसिर ४ गते दोस्रो संविधानसभा निर्वाचन सम्पन्न भएको थियो। पहिलो संविधानसभाले ४ वर्षमा संविधान निर्माण गर्न नसकी विघटन भएपछि २०७० मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो। असंवैधानिक खिलराज सरकारले गराएको निर्वाचन मान्दैनौं भनेर क्रान्तिकारी धार निर्माण गर्ने उद्देश्यले नेकपा(माओवादी) र नेकपा (एकीकृत) ले चुनाव बहिष्कार गरेका थिए।

***२०७४ को संसदीय र प्रादेशिक निर्वाचन***

विप्लवले नेतृत्व गरेको नेकपाले यो निर्वाचन बहिष्कार गरेको थियो।

***२०७९ को संसदीय र प्रादेशिक निर्वाचन***

यो निर्वाचनलाई नेकपा (क्रान्तिकारी माओवादी), नेकपा(बहुमत), नेकपा (मशाल), गोपाल किराँतीले नेतृत्व गरेको पार्टी लगायतले बहिष्कार गरेका थिए।

***२०८२ को संसदीय निर्वाचन***

जेनजी विद्रोह पछि हुन थालेको यस निर्वाचनलाई साम्राज्यवादको प्रायोजित निर्वाचन भन्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (बहुमत),वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा सहितले बहिष्कार गर्दैछन्। यसबाहेक कतिपय वामपन्थी समूह र कतिपय राजावादी समूहहरूले समेत यस निर्वाचनलाई बहिष्कार गर्दैछन्।

***पंचायतकालमा स्थानीय तह निर्वाचन***

२०१८ फागुन ७ गतेदेखि गाउँ पंचायतहरूको चुनाव गराउने घोषणा राजा महेन्द्रले गरेका थिए। गाउँपंचायतको प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि २ वर्षको हुने र प्रधानपञ्चले गोला प्रथाद्वारा प्रथम पटक निर्वाचित सदस्यहरूमध्येको एक तिहाई सदस्यहरूको क्रमशः चार, दुई वर्ष रहने व्यवस्था थियो।

देशभरीमा ३,४३९ गाउँपंचायतको चुनाव भएको थियो। २०१८ सालको चुनावमा खुला मतदान अर्थात् हात उठाई बहुमत कायम गरी विजयी घोषणा गर्न सक्ने अधिकार ऐनले दिएकाले हात उठाएर गरिएको थियो।

२०२० सालमा गाउँ पंचायत ऐन र नियमावली फेरिएको थियो। हात उठाउनुको सट्टा गोप्य मतदानको व्यवस्था ऐनमा गरिएको थियो। १ प्रधानपञ्च ,१ उपप्रधानपञ्च ,९ वडाका ९ सदस्य सहित जम्मा ११ जनाको कार्यकारिणी हुने व्यवस्था गरिएको थियो। २०२५ सालमा निर्वाचन ऐत संशोधन गरी प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि ४ वर्षको बनाइएको थियो। पंचायती व्यवस्थाले १० हजार वा सो भन्दा बढी जनसंख्या भएमा नगर पञ्चायत स्थापना गर्ने व्यवस्था गरेको थियो। २०१९ जेष्ठमा नगर पंचायतका चुनावहरू भएका थिए।

२०१९ सालको संविधान संशोधन गरेपछि २०३२ सालदेखि २०३५ सालसम्मको गाउँपंचायत निर्वाचनमा उम्मेदवार बन्ने अनिवार्य रूपले गाउँ फर्क राष्ट्रिय अभियानबाट अनुमोदन हुनु पर्ने व्यवस्था गरिएको थियो। पंचायती व्यवस्थाले जिल्ला पंचायतदेखि अञ्चल पंचायतसम्मको प्रशासनिक संरचनाको व्यवस्था गरेको थियो। २०३९ सालमा वैशाख र जेष्ठमा २०२२ गाउँ पंचायतहरू र २९ वटा नगर पंचायतहरूमा चुनाव भएका थिए।२०४३ चैत्रमा गाउँ पंचायत र नगर पंचायतको चुनाव सम्पन्न भएको थियो। २०४६ मा बहुदल पुनर्स्थापना पछि स्थानीय तह निर्वाचन गाउँ विकास समिति/ नगरपालिका निर्वाचन ऐन (वि.सं. २०४९) जारी गरी २९९५ गाविस र ३६ वटा नगरपालिकामा चुनाव भएको थियो। २०५४ सालमा अर्को स्थानीय निर्वाचन गाविस र नगरपालिकाको चुनाव भएको थियो।

गणतन्त्र स्थापना पछि स्थानीय तह निर्वाचन

२०७४ मा स्थानीय तह पुनर्संरचना गरी मुलुकभरी ६ महानगरपालिका, ११ उपमहानगरपालिका २७६ नगरपालिका र ४६० गाउँपालिका र ६,७४३ वडा कायम गरिएको थियो। २०७४ र २०७९ मा स्थानीय तह निर्वाचन सम्पन्न भएको थियो।

***सन्दर्भ***

निर्वाचन आयोग नेपाल, (२०७३), नेपालको निर्वाचन इतिहास १
निर्वाचन आयोग नेपाल, (२०७८), नेपालको निर्वाचन इतिहास २
पण्डित, लोकदर्शन (२०६७), नेपालको संसदीय निर्वाचन दर्पण, प्रकाशकः सिर्जना पण्डित
मिश्र, डिल्लीराम, (२०६०), नेपालको प्रजातान्त्रिक विकासक्रम र काठमाडौं उपत्यकाको निर्वाचन, प्रकाशिकाः शर्मिला मिश्र
रोका मगर (२०६८), थवाङ
नेकपा (मसाल) ,२०५९, रातो तरवार
नेकपा (माओवादी) को ऐतिहासिक दस्तावेजहरू (२०६३)

## आलोपालो

# अमेरिकी साम्राज्यवाद र तेलको अर्थ राजनीति

***पश्चिमा मुलुकहरूले एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी महादेशका जनतालाई शिक्षित नगरेको भए अझै असभ्य जंगली गरिब भएर जीवन गुजारिरहेका हुने थिए भनेर आफूलाई सभ्य भएको ढोंग गर्छन् । जब कि मानव सभ्यताको विकास एसिया, अफ्रिका र ल्याटिन अमेरिकामै भएको पुष्टि तथ्यहरूले प्रमाणित गरिसकेका छन् ।***



● अपत्य शर्मा ●

पुँजीवादी व्यवस्थाको प्रारम्भ सामन्तवादबाट भएको हो । पश्चिमी यूरोपमा सामन्तवादको अन्त्यसँगै पुँजीवाद देखा पऱ्यो । इंग्ल्याण्डमा औद्योगिक क्रान्तिद्वारा पुँजीवाद परिपक्व भयो । १८ औं शताब्दीतिर बेलायतमा भएको औद्योगिक क्रान्तिले व्यक्तिगत स्वामित्वमा उत्पादनका साधनहरूको विकासकासाथै व्यापारको वृद्धि र संयुक्त पुँजी (स्टक) कम्पनीको आविष्कार भयो । अर्को शब्दमा भन्दा कृषि प्रणालीबाट औद्योगिक प्रणालीमा बेलायत प्रवेश गऱ्यो । जसमा नाफा प्रधान हुन गएकाले उत्पादनमा तीव्र विकास भयो । अस्तित्वमा आएका पुँजीवादी अर्थतन्त्रहरूमा स्वतन्त्र बजारका तत्वहरू समावेश भए, जसलाई राज्यले हस्तक्षेप गर्दथ्यो र आर्थिक योजनाहरू पनि बनाउँथ्यो । आधुनिक पुँजीवादको प्रारूप बेलायतमा कृषि प्रणालीबाट भयो भने व्यापारिक पुँजी युरोपमा १५ औं र १८ औं शताब्दीमा भयो । यो व्यापारिक पुँजी सामन्तवादी व्यवस्थामा शासन गर्ने आर्थिक शक्ति भयो र यसले व्यापारबाट नाफा कमाउन जोड दिन्थे, उत्पादनद्वारा होइन । व्यापारवादले जतिसकेको धेरै मालसामानहरू निर्यात् गर्नमा जोड दिन्थ्यो । व्यापारवादलाई पुँजीवादले प्रारम्भदेखि नै उदार आर्थिक सिद्धान्तद्वारा परास्त गऱ्यो । पुँजीवादी आर्थिक दर्शनको नेतृत्व एडस्मिथले १७७६ मा वेल्थ अफ नेशन (राष्ट्रको सम्पत्ति) भन्ने किताव लेखेर गरे । पुस्तकमा उत्पादन क्षमता, श्रम विभाजन, व्यक्तिगत स्वार्थ, स्वतन्त्र बजार प्रतिस्पर्धात्मक बजार हुन् र आर्थिक वृद्धिका लागि प्रतिद्वन्दिता आदिबारे प्रकाश पारे ।

पश्चिमा मुलुकहरूले एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी महादेशका जनतालाई शिक्षित नगरेको भए अझै असभ्य जंगली गरिब भएर जीवन गुजारिरहेका हुने थिए भनेर आफूलाई सभ्य भएको ढोंग गर्छन् । जब कि मानव सभ्यताको विकास एसिया, अफ्रिका र ल्याटिन अमेरिकामै भएको पुष्टि तथ्यहरूले प्रमाणित गरिसकेका छन् । सभ्यताको विकासको थालनी अफ्रिकाको प्राचीन इजिप्टमा ३४०० ई.पू.मा नाइल नदीको किनारमा भएको थियो । अफ्रिकी महादेशमा स्वतन्त्र रूपले नाइल उपत्यका (नुविया- क्रुश) हर्न अफ अफ्रिका (आकासुम) *बाँकी ५ पेजमा*


# तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं ।
- सामाजिक रूपमा सक्रिय रहन सहयोग गरौं ।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं ।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## क्रान्तिकारीहरू...

व्याख्या, परिमार्जन र विकास गरी कार्यान्वयन गर्नु नै मालेमावादको विशिष्टबाट सामान्यतिर विकासको प्रक्रिया हो ।

***यहाँले लेख्नुभएको पछिल्लो पुस्तक ...दर्शनको इतिहास (२०८१ ) ' का बारेमा एउटा लेखकले आफ्नै पुस्तकको विशेषताहरूबारे संक्षिप्तमा बताउनु पर्दा के भन्नु हुन्छ ?***

सर्वप्रथम त 'दर्शनशास्त्रको इतिहास' करीब तीन दशकदेखिको अध्ययन र प्रशिक्षण टिप्पणीहरू (नोट्स) को परिणाम हो । पाठकहरूले यस माथि लागेको परिश्रम बुझेनन् भन्ने गुनासो हाँक मार्फत राख्न चाहन्छु । मेरो पार्टीका कमरेडहरूले नै पढेनन्, यदि पढेको भए त कुनै आलोचना या टिप्पणी आउँथ्यो होला । माथिदेखि तलसम्मका कमरेडहरू कसैबाट आलोचना र टिप्पणी आएको छैन । यस साप्ताहिकले यो प्रश्न सोधेर ठूलो गुण लगाएको छ । एकजना विद्वान मित्र इच्छुक प्रतिष्ठानका सदस्य- सचिव मोदनाथ मरहट्ठा र पार्टी बाहिरका केही विद्धानहरूले कहाँ कहाँ के नपुगेको हो, त्यो बताउनु भएको छ । त्यस अनुरूप दोश्रो संस्करणमा परिमार्जन गरिरहेको छु ।

दोस्रो, दर्शनशास्त्रका चार विभाग हुन्छन् । पहिलो हो तत्वमिमांसा । यसलाई अर्को शव्दमा सत्तामिमांसा पनि भनिन्छ । यसले पदार्थ, चेतना, आत्मा जस्ता विषयहरूको अध्ययन गर्दछ । अर्को हो, ज्ञानमिमांसा । यसले चेतनामा पर्ने वस्तुगत जगतको प्रतिबिम्बन, ज्ञानको श्रोत, ज्ञानको कसी, ज्ञानको सीमा र ज्ञानको प्रमाण सम्बन्धी अध्ययन गर्दछ ।

तेश्रो हो, आचारमिमांसा । यसले मानिसको आचारण, जीवनमूल्य, मानिसको काम, कर्तब्य र जिम्मेवारी आदि विषयको अध्ययन गर्दछ । चौथो हो दर्शनको इतिहास जसले दर्शनको उत्पत्ति, विकास, दर्शनका विभिन्न धारा, दर्शनको पक्षधरता, दर्शनको विकासमा ऐतिहासिक विकासको दिशा जस्ता विषयहरूको अध्ययन् गर्दछ । यी चार विभागहरूमध्ये चौथो विभागबारे मैले लेखको छु । क. किरणजी ले यस 'दर्शनशास्त्रको इतिहास'को भूमिकामा लेख्दा 'दर्शनशास्त्रको इतिहासका विषयमा नेपाली भाषामा लिखित पहिलो पुस्तक हो' भन्नुभएको छ । यसमा दर्शनशास्त्रको इतिहासबारे विस्तृत विवेचना गरिएको छैन । यसमा समग्र दर्शनशास्त्रको इतिहासलाई तीन युग प्राचीन, मध्यकालीन र आधुनिकमा बाँडेर ती युगका प्रवृत्ति र पात्रहरूको विवेचना गरिएको छ ।

चौथो, पूर्वीय र पश्चिमी दर्शनमा भौतिकवाद र आदर्शवादबीच संघर्षहरू खोज्दै भौतिकवादलाई विश्व दर्शनका रूपमा स्थापित गर्न खोजिएको छ ।

पाँचौं, आज मानिसहरू ग्रन्थका ग्रन्थ मालेमावादी रचनाहरू पढ्दैनन् भनेर 'दर्शनशास्त्रको इतिहासमा महान् कायापलट', खण्डमा मार्क्सवादका तीन संघटक अङ्गहरूको विशद प्रस्तूति गर्न कोसिस गरिएको छ । यसको साथै तीनवटै संघटक अंगमा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओलाई आफै बोल्न दिइएको छ र मैले संयोजनकारी भूमिका मात्र खेलेको छु ।

छैटौं, यदि पाठकहरूले पढ्ने जाँगर चलाए भने सन्दर्भ सामग्री पनि जहाँको हो त्यहीं उल्लेख गरिएको छ । उद्धृत अंशको अन्तमा अंक राखेर खोज्नलाई फेरी पल्लो छेउ जानुपर्ने बनाइएको छैन ।

सातौ, नेपालमा दर्शनशास्त्रको विकासको इतिहास पनि संक्षिप्तमा लेखिएको छ ।

आठौं, पाँच जना गुरुहरू र हिमाली दार्शनिक किरणको संक्षिप्त जीवनी पेश गरिएको छ- परिशिष्टमा । मूल विषताहरू यीनै हुन् ।

***कम्युनिस्ट आन्दोलनका अनेकौं टुटफुट- विभाजन र एकता बारे यहाँले अध्ययन गर्दै आउनुभएको छ र विभाजन र एकताका सम्बन्धमा आफैले पनि अनुभव बटुल्नुभएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल तीनवटा पार्टीबीचको एकताबाट निर्माण भएको पार्टी हो। यो एकतालाई बचाउँदै क्रान्तिकारी धारलाई सुदृढ गर्दै अगाडि लैजानका लागि के के गर्नुपर्ने आवश्यकता ठान्नुहुन्छ ?***

हो, विस २००८ सालमा पोलिट ब्यूरो बैठकबाट संस्थापक सहासचिवलाई हटाएर मनमोहन अधिकारीलाई महासचिव बनाएपछि फूटको बीऊँ रोपियो । नेपाल कम्युनिष्ट पार्टीमा मनमोहन, केशरजङ रायमाझी र तुलसीलाल अमात्य जस्ता हस्तीहरू राजावादी तथा रुसपंथी हुदै गएका थिए । २०१० सालमा स्टालिनको मृत्यु भएपछि उनीहरू झन् ख्रुश्चोभपंथी भए । २०१३ मा ख्रुश्चोभपंथी रास्ट्रिय प्रजातन्त्र र शान्तिपूर्ण संक्रमणको कार्यदिशा ल्याएपछि त उनीहरू त्यसको पछि दगुर्न थाले । त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टी र सोभियत संघ कम्युनिष्ट पार्टी (बोल्शेविक) बीच महान् बहस शुरु भयो । पुस्पलाल र अरु क्रान्तिकारी नेताहरूले कमरेड माओको क्रान्तिकारी कार्यदिशा पकडे ।२०१९ सालको तेस्रो महासधिवेशनपछि टुटफुट नराम्रोसँग अघि बढ्यो । तिसको दशकमा पुग्दा रायमाझीको संशोधनवादी धारा, पुष्पलालको इमान्दार क्रान्तिकारी धारा (पछि आएर विसर्जन भए ), झापा विद्रोहको धारा (अहिले आएर संशोधनवादी भए ) र चौथो महाधिवेशनको क्रान्तिकारी धारा (अहिलेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल त्यसबाट आएको हो) मा विभाजन भयो । ती सबै धारा मध्ये चौमको धारा चालीसको दशकमा आएर तीन टुक्रा -चौम, मसाल र मशाल) भयौं । २०४७ मा तीन टुक्रामा चौम, मशाल, पातलो मसालबाट हरिबोलको विद्रोही समूह, पुष्पलालको धाराबाट टुक्रिएर बनेको सवहारावादी श्रमिक संगठन मिलेर नेकपा (एकता केन्द्र) हुदै नेकपा (माओवादी) बनेपछि २०५२ सालमा जनयुद्धको पहल कदमी अधि बढ्यो । एकता हुँदा जनयुद्ध भयो । अर्कोतिर करीब जनयुद्धकै अवधिमा मोहनविक्रम नेतृत्वको मसाल र नारायणकाजी नेतृत्वको नेकपा एकताकेन्द्रबीच एकता भयो र नेकपा (एकताकेन्द्र-मसाल) बन्यो । तर तीन वर्ष पनि टिकेन ।

शान्ति प्रक्रियामा आएपछि नेकपा (माओवादी) भित्रको फुट 'लेफ्ट उईङ'(रविन्द्र श्रेष्ठ र मणि थापा) बाट शुरु भयो । फेरि नारायणकाजीको एकताकेन्द्र-मसालसँग एकता भयो २०६५ मा । यो एकताबाट भड्किएर मातृका यादवहरूले अलगै पार्टी बनाए । २०६९ मा आएर किरणजीको नेतृत्वमा एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट विद्रोह भयो र नेकपा-माओवादी बन्यो । यसबाट पनि विप्लवको अलग्गै पार्टी बन्यो । किरण नेतृत्व बाटै फेरी बादलहरू छुट्टिएर गए । २०७२ मा माओवादी र नेकपा (एकीकृत) बीच एकता भयो । यस्ता कैयौ उतारचढावका बीचबाट तथा संघटन र विघटनको प्रक्रियाबाट अघि बढ्दै जाँदा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (बहुमत) र नेकपा (मशाल) बीच एकता भई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बनेको छ ।

***यो क्रान्तिकारीहरूको एकतालाई बलियो बनाउन :***

(क) एकता राष्ट्रिय महाधिवेशनबाट बनेको कार्यदिशा र कार्यक्रमको बुझाईमा माथिदेखि तलसम्म एकरूपता ल्याउनुपर्छ । यो कार्यदिशाको बुझाईमा एकरूपता ल्याउनुका साथै कार्यान्वयनमा पनि लैजानुपर्दछ ;

(ख) पार्टीभित्र नयाँ र पुरानोको भावना बुझ्ने नेतृत्वको विकास गर्नुपर्दछ र नेतृत्व गतिशील हुनुपर्छ, केन्द्रीय नेतृत्व जस्तो हुन्छ त्यसै अनुसार स्थानीय नेता तथा कार्यकर्ताहरू अनुकरण गर्दछन;

(ग) पार्टीको ईकई समितिदेखि केन्द्रीय समितिसम्म पार्टी पद्धति जनवादी केन्द्रीयताका नियमहरू पालना गर्नुपर्दछ;

घ) आ-आफ्ना पूर्व पार्टीमा भएको स्कूलिङ र अभ्यासले तदनुरूपको आनीबानी, संस्कार र जीवनपद्धति बनाएको हुन्छ, पार्टी एकता गरेपछिको कार्यदिशा र कार्यक्रम, स्कुलिङ अनुसार रूपान्तरण गरेर जानुपर्दछ;

(ङ) पूर्व पार्टीबाट आएका कमरेडहरूसँग मात्र साथ गर्ने बानी हटाएर अरुहरूसँग पनि सहकार्य गर्ने बानी बसाल्नुपर्दछ;

(च) आलोचना तथा आत्मआलोचनाको पद्धतिलाई लागू गर्नुपर्दछ;

(छ) क्रान्तिकारी पार्टी, समूह र व्यक्तिहरूको निरन्तर एकता र ध्रुवीकरणमा लाग्नुपर्दछ र

(ज) पुरानो राज्यसत्ता विरुद्धको संघर्षलाई तीव्र बनाउनुपर्छ किनभने वर्गसंघर्ष र जनसंघर्षले शत्रुसँगको संघर्ष तीव्र बनाउँछ, अनि मित्रहरूसँगको एकता स्वतः बलियो हुन्छ ।

***अन्त्यमा, यस साप्ताहिकमार्फत थप भन्नु केही छ कि ?***

यस साप्ताहिकमार्फत यति धैरै कुरा भनिसकेपछि थप कुरा छैन । धन्यवाद !

## दोलखाको...

हराएकोमा ४४ वटा फेला परेका छन् ।

मतपत्र लुट्नेक्रममा अन्यत्र दलका प्रतिनिधिले निर्वाचनमा खटिएका कर्मचारीमाथि हातपातसमेत गरेका थिए । विवाद बढ्न थालेपछि बिहान ११ बजेतिर प्रहरीले हवाई फायरसमेत गरेको थियो । आलेले अहिले उक्त मतदान केन्द्रमा आएका मतदाता र दलका कार्यकर्ताहरू सबै गइसकेको बताए ।

'मत हाल्न भनेर लाइनमा बसेका मतदाता र दलका कार्यकर्ताहरू पनि मतदान स्थलबाट घर फर्किसकेका छन् ।

## क्रान्तिको...

आठ मार्च पनि केवल दिवस नभएर क्रान्तिको उपलब्धि भएको स्पष्ट पार्नुभयो । र, क्रान्तिकारी आन्दोलनबिना महिला मुक्ति पनि असम्भव रहेको बताउनु भयो । उहाँले भन्नुभयो, "वर्गमुक्तिसँगै श्रमिक महिलाहरूको पनि मुक्ति हुन्छ । त्यसका लागि श्रमिक महिलाहरू क्रान्तिकारी आन्दोलनमा संगठित भएर अगाडि बढ्न जरुरी छ ।"

त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव आहुतिले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा विकसित नवीन परिस्थितिको ठोस विश्लेषण गर्दै क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन विचार मिल्ने कम्युनिस्टहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनु भयो । उहाँले सापेक्षिक रूपमा अहिलेको प्रतिकूल परिस्थितिमा बहिस्कार आन्दोलन मूलतः सफल भएको विश्लेषण गर्दै कम्युनिस्ट आन्दोलनको अगाडि खडा चुनौतीको सामना गरेर अगाडि बढ्न वैचारिक रूपमा व्यापक बहसको खाँचो रहेको पनि स्पष्ट पार्नुभयो । उहाँले पनि क्रान्तिकारी कम्युनिस्टहरूबिचको एकतामा जोड दिनुभयो ।

क्रान्तिकारी महिला संगठन नेपालकी सहसंयोजक शारदा महतको अध्यतामा सम्पन्न कार्यक्रमको सञ्चालन रुकु रणपालले गर्नुभएको थियो । कार्यक्रममा वैज्ञानिक समाजवादी महिला संगठनकी संयोजकले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो भने स्वागत मन्तव्य क्रान्तिकारी महिला संगठन नेपालकी सहसंयोजक मनु विकले राख्नुभएको थियो ।कार्यक्रममा महिला मुक्ति आन्दोलनको विषयमा अखिल नेपाल महिला संगठनकी सहसंयोजक प्रतिमा बजगाईले पनि बोल्नु भएको थियो ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको पार्टी कार्यालय कुपण्डोलमा भएको आठ मार्चको कार्यक्रममा तीनवटै महिला संगठनहरूले 'दलाल पुँजीवाद र साम्राज्यवाद विरुद्ध सम्पूर्ण महिलाहरू एक होऔं, ११६ औं श्रमिक महिला दिवस सफल पारौं' भन्ने मूल नारा गरेका थिए । कार्यक्रममा तीनवटै महिला संगठन तथा पार्टी सम्बद्ध नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता सुदर्शनले एक प्रेस वक्तव्य जारी गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा अघि बढाइएको संसदीय निर्वाचन बहिष्कार कार्यक्रम सामान्यतः सफल भएको बताउनु भएको थियो ।

वक्तव्यमा भनिएको थियो, "यो बहिष्कार कार्यक्रममा कठपुतली सरकारको व्यापक दमनका बावजुद बहिष्कारका विभिन्न कार्यक्रमहरू सम्पन्न गर्ने नेता तथा कार्यकर्ता र सहयोग गर्ने जनसमुदायलाई हाम्रो पार्टी हार्दिक अभिवादन तथा धन्यवाद ज्ञापन गर्दछ । यो कार्यक्रमको दौरानमा गिरफ्तार हुनुभएका केन्द्रीय समितिको पोलिटब्यूरो सदस्यहरू सोमानसिंह तामाङ तथा सिताराम बुढाथोकी र केन्द्रीय समिति सदस्यहरू कर्णबहादुर बिसी, टिकाराम पौडेल र डिल्ली बोहोरा, वैकल्पिक केन्द्रीय सदस्यहरू नारायण न्यौपाने, रत्न ओली, बीरबहादुर पुन, रवि पाण्डे लगायत विभिन्न जिल्लाका प्रहरी हिरासतमा रहनुभएका सम्पूर्ण कमरेडहरूको यथाशीघ्र रिहाइको लागि जोडदार माग गर्दछौं ।"

## पाँच दिनको...

प्रहरीले बीच बिना पक्राउ पुर्जी गिरफ्तार गरिएपछि स्थानीयले बिरोध समेत जनाएका थिए । सो क्रममा पसल तथा घरमा खानतलासी गरी घरबेटी तथा परिवारका सदस्यहरूलाई दुःख दिने काम भएको भन्दै प्रहरीको आलोचना भएको थियो । निर्वाचनलाई साम्राज्यवादद्वारा प्रायोजित निर्बाचन भन्दै उक्त पार्टीले सशक्त बहिष्कारको कार्यक्रम गदै आएको थियो । शान्तिपूर्ण रूपमा कार्यक्रम गर्न पाउने संविधान प्रदत्त अधिकारलाई प्रहार गर्दै प्रहरीले गरेको उक्त धरपकडको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले आपत्ति जनाएको थियो । फागुन १ गते समेत प्रहरीले जनयुद्ध दिवसको ब्यानर टागेको अभियोग लगाइ पाण्डेयलाई सदरमुकाम परासीस्थित बुद्धचोकबाट गिरफ्तार गरेर अबेर साझ छाडेको सो पार्टीले जनाएको छ । ९० घण्टाको हिरासत बसाइँ पछि शुक्रवार १२ बजे रिहा गरिएको पार्टीका केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज क्षेत्र बहादुर थापाले जानकारी दिए । जनयुद्धको समयबाट हाल सम्म ६ पटक गिरफ्तार भएका पाण्डेय क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका क्रान्तिकारी बिराशत बोकेको नेताका रूपमा परिचित छ्न् । बि.स. २०८२ फागुन १ र १८ गते गरेर एकै महिनामा दुइ दुइपटक प्रहरीले गिरफ्तार गर्नुले पाण्डेय माथि राज्य आतंक भएको जानकारहरू बताउछन् । उनलाई क्राकपा नेपाल नवलपरासीका नेता कार्यकर्ताले जिल्ला प्रहरी कार्यालय अगाडी भब्य स्वागत गरेका थिए । बहिष्कारको प्रभाव र अन्य कारणले नवलपरासीमा यस बर्ष अघिल्लो चुनावको दाँजोमा मतदान समेत कम भएको जनाइएको छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।